वर्ष : १५, अंक : ३०, काठमाडौं, २०७६ मंसिर ६ गते शुक्रबार, 22 November 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## त्रिपाठीको रहस्यमय 'इन्ट्री'



काठमाडौं । प्रतिनिधिसभाको निर्वाचनमा तत्कालीन एमालेको चुनाव चिन्ह सूर्यबाट चुनाव लडेका हृदयेश त्रिपाठी केपी शर्मा ओली नेतृत्वको सरकारमा सहभागी भएका छन् । उनले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी पाएका हुन् ।

चुनावपछि पार्टी, संगठन र कार्यकर्ताबाट टाढिएका त्रिपाठीले आफ्नो राजनीतिक 'स्पेस'को खोजी गर्दै अन्नत: नेकपाकै शरणमा पुगेका छन् ।

चुनाव अघि नै स्वतन्त्र राजनीतिक समहूको नाममा सक्रिय रहेका उनी ओली सरकारकृ पछिल्लो मन्त्रिपरिषद् पुनर्गठनमा छैटौं वरियता पाएका छन् । यसअघि पटक पटक मन्त्री बनिसकेका उनी राजपा नेपाल परित्याग गरेर स्वतन्त्र हैसियतामा एमालेको सूर्य चुनाव चिन्ह लिएर नवलपरासी (पश्चिम) क्षेत्र नम्बर १ बाट विजयी भएका थिए । स्वतन्त्र समूहबाट प्रतिनिधिसभामा त्रिपाठी र बृजेशकुमार गुप्ता निर्वाचित भएका थिए ।

स्वतन्त्र हैसियतमा चुनाव लडेपछि पनि उनी तत्कालीन एमाले र एकीकरणपछि नेकपामा प्रवेश गर्ने चर्चा हुँदै आएपनि उनको इन्ट्रान्स नेकपामा नभएपनि सरकारमा भने भएको छ । त्रिपाठीको कुनै दल नभएकाले उनको पदीय हैसियत नेकपाकै मानिनेछ । सरकारको कार्यशैलीको आलोचना समेत गर्दै आएका उनलाई ओलीले मन्त्री बनाएर सबैलाई चकित पनि बनाएका छन् । पछिल्लो पटक त्रिपाठी २०६८ सालमा बाबुराम भट्टराई नेतृत्वको सरकारमा मन्त्री बनेका थिए । उनको राजनीतिक दल नभएपछि संगठन गर्न तथा विचार र मुद्दा प्रवाह गर्न पाएका छैनन् । सूर्य चिह्नबाट चुनाव लडेका सांसदको परिचयबाट मात्रै आगामी राजनीतिक यात्रा सहज नहुने उनले ***मधेशवाणी***सँग पनि बताएका थिए ।

***बाँकी अन्तिम पृष्ठमा***

## समाजवादी पार्टी बेखुश



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको मन्त्रिपरिषद हेरफेरप्रति समाजवादी पार्टीले असन्तुष्टि जनाएको छ । आफूहरूसँग कुनै छलफल नगरी प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद् हेरफेर गरेको भन्दै पार्टी रूष्ट बनेको छ । समाजवादी पार्टीका एक नेताले आफ्नो पार्टीसँग कुनै छलफल नगरी ओलीले मनपरी ढंगले मन्त्रिपरिषद् पुनर्गठन गरेको भन्दै आपत्ति जनाए ।

पार्टीले सरकारबाट बाहिरिने संकेत पनि दिएको छ । मन्त्रिपरिषद् हेरफेर हुँदा यादवको जिम्मेवारी परिवर्तन अध्यक्ष उपेन्द्र यादवको हेरफेर भएको छ । यद्यपी उनको उपप्रधानमन्त्री पद कायमै रहेको छ भने एक राज्यमन्त्रीलाई हटाइएको छ । समाजवादीबाट शहरी विकासमन्त्री रहेका मोहम्मद इस्तियाक राईले अध्यक्ष तथा उपप्रधानमन्त्री उपेन्द्र यादव दिल्लीबाट फर्केपछि यसबारे छिट्टै निर्णयमा पुगने बताए । राइका अनुसार पार्टीले यसअघि नै सरकारमा बस्ने वा नबस्ने विषयमा निर्णय गर्ने अधिकार अध्यक्ष उपेन्द्र यादवलाई दिएको छ, अब के आधारमा सरकारमा बसिरहने वा किन हट्ने भन्ने निर्णय गर्नुहुनेछ । 'अध्यक्ष यादव दिल्लीमा रहेका बेला मन्त्रिपरिषद हेरफेरको विषयमा जुन निर्णय भयो त्यो अपमानपूर्ण छ', समाजवादी पार्टीका प्रचार विभाग उपप्रमुख विश्वद्वीप पाण्डेले भने ।

भारतमा रहेका यादवले मन्त्रिपरिषदमा केही परिवर्तन भएपछि आफू निकटका नेतालाई फोन गरेर आफू काठमाडौं आए लगत्तै सरकारबाट बाहिरिने निर्णय लिने बताएका छन् । पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि सरकारको शक्तिमा केही

***बाँकी अन्तिम पृष्ठमा***

## उपप्रम यादवसँग भाजपाका महासचिवको भेट



काठमाडौं । उपप्रधानमन्त्री तथा समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले भारतको सत्तारूढ दल भारतीय जनता पार्टीका महासचिव राम माधवलाई भेटेका छन् । दुई नेताबीच नयाँदिल्लीमा भेटघाट भएको राममाधवले ट्वीटरमार्फत जानकारी दिएका छन् । उनीहरूबीच के( के कुराकानी भयो भन्ने खुलाइएको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रीसमेत रहेका यादव दुई दिनअघि भारत गएका थिए । यादव औषधी उत्पादनसम्बन्धी कार्यक्रममा सहभागी भएका छन् ।

## मधेशीको वैधानिक परिभाषा खोई ?

# मधेशीको स्पष्ट पहिचान छैन : आयोग

**मधेशवाणी डेस्क**

काठमाडौं । नेपालको संविधानमा भएको व्यवस्थाअनुसार गठित राष्ट्रिय मधेशी आयोगले मधेशी समुदायको पहिचान अझै अस्पष्ट भएको भन्दै उक्त समुदायअन्तर्गत पर्ने थरहरूलाई सूचीकृत गरी मधेशीलाई परिभाषित गर्न सरकारलाई आग्रह गरेको छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीलाई मंसिर २ गते बुझाइएको ९४ पृष्ठ लामो प्रतिवेदनमा विभिन्न सिफारिस गरिएको छ । मधेशी समुदायको पहिचानलाई स्पष्ट पार्नेबाहेक तराई/मधेशका कतिपय समस्या हल गर्न पहल गर्नुपर्ने भनी ध्यानाकर्षण पनि गराइएको छ । आयोगले कुन कुन जातिलाई मधेशी मान्ने त्यसबारे सबै निकायलाई परिपत्र गर्न सरकारको ध्यानाकर्षण पनि गराएको छ । साथै विवाद भएका खण्डमा कुन व्यक्ति मधेशी हो वा होइन भन्नेबारे अन्तिम निर्णय गर्ने अधिकार आफूलाई दिइनुपर्ने उल्लेख छ ।

'पहिचान' मानिसले जन्मँदै लिएर आएको हुन्छ । भाषा, संस्कृति, परम्परा, रीतिथिति आदिमा बाँधिएको भावना हो- पहिचान । यसलाई नागरिकको स्वतन्त्रता सुनिश्चित गर्ने महत्वपूर्ण 'अवयव' का रूपमा बुझिनुपर्छ । राज्यले प्रत्येक नागरिकको स्वतन्त्र अस्तित्वलाई 'पहिचान' र उसको स्वतन्त्रतालाई नैसर्गिक आयामका रूपमा मान्यता दिनुपर्छ । मधेश अहिले यहि पहिचानको खोजीमा छ र यसका लागि मधेशी आयोग क्रियाशील छ । मधेशका बौद्धिक जमातमा अबको दिशा भनेको पहिचानको कुरा मधेशका ठूलाठालुमा सीमित नराखी पिछडिएको जाति र वर्गसम्म छिचोल्ने हुनुपर्दछ भन्ने छ ।

तीन महिनाअघि विजयकुमार दत्त अध्यक्ष नियुक्त भएपछि आयोगले आफ्नो काम थालेको थियो । उसले मधेशका विभिन्न जिल्लामा आफूले गरेका गतिविधि र सरकारलाई दिएका सिफारिसको सूची वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ । तर अहिलेसम्म आयोगले पूर्ण स्वरूप पाइसकेको छैन । आयोगमा अझै चार सदस्यको नियुक्ति हुन बाँकी छ ।



राष्ट्रपति विद्यादेवी भण्डारीलाई वार्षिक प्रतिवेदन बुझाउँदै आयोगका अध्यक्ष डा.विजय दत्त ।

आयोगका अध्यक्ष दत्तले भने, 'तराई-मधेश क्षेत्रका विशेषत: मिथिला, अवध र भोजपुरा क्षेत्रहरूको आयोगको क्षेत्राधिकारमा रहेको छ ।' उनले अझै पनि मधेशी को हुन् भन्ने स्पष्ट पहिचान खुल्न नसकेको बताए । 'हामीले औपचारिक र अनौपचारिक गरी विज्ञहरूसँग १०० वटाजति बैठक गर्‍यौं । तर मधेशी को हुन् भनेर अझै पनि परिभाषित हुन सकेको छैन । नामथर सूचीकृत गरी नेपाल सरकारलाई सिफारिस गर्ने जिम्मेवारी पनि हामीलाई दिइएकाले यसलाई पहिलो प्राथमिकतामा राखेका छौं', उनले भने । मधेशीलाई पनि मधेशभित्रै पहिचानको समस्या छ । माथिल्लो जातका मधेशीको तह धेरै माथि छ । दलित, अल्पसंख्यक र विपन्न वर्गहरू माथि उठ्नै नसकेको दत्तको भनाइ छ ।

'हामीले पहुँच, सशक्तीकरण र रूपान्तरणमा समस्या देखेका छौं र त्यसलाई निरूपण गर्न कदम चाल्न सुझाव दिएका छौं', उनले बताए । आयोगले आफूले गरेका अन्तरक्रियामा भूगोलका आधारमा नभई मधेशीको पहिचान नस्ल, पैतृक पहिचान र वंशानुगत आधारमा हुनुपर्ने सुझाव पाएको पनि उल्लेख गरेको छ ।

प्रतिवेदनमा आयोगले मधेशभित्र मधेशीहरूको पहुँच बढाउनका लागि नीति ल्याउन तथा राजनीतिमा अपराध र अपराधमा राजनीति हुने अवस्था सुधार गर्न सरकारलाई सिफारिस गरिएको उल्लेख छ । आयोगले मधेशी समुदायको आर्थिक, सामाजिक र राजनीतिक अवस्था झल्कनेगरी सर्वेक्षण गर्न र जनगणना गर्दा तथ्यांक प्रणालीमा संशोधन गरी तथ्यांकलाई विश्वसनीय बनाउन पनि सरकारलाई सुझाव दिएको छ । मधेशी समुदायका व्यक्तिका कतिपय थरहरू अरू समुदायसँग मिल्दोजुल्दो भएका कारण विगतका जनगणनामा केही त्रुटि भएकाले यसबारे ध्यानाकर्षण गराएको आयोगको भनाइ छ । तराई/मधेश क्षेत्रमा देशको झन्डै दुईतिहाइ जनसंख्या रहेको र त्यसमध्ये ३६ प्रतिशत मधेशी रहेको आयोगको प्रतिवेदनमा उल्लेख छ । मूल रूपमा प्रदेश २ मा मधेशी समुदायको बाहुल्य रहेको भए पनि सातै प्रदेशमा मधेशी समुदायको बसोबास रहेको आयोगको भनाइ छ ।

आयोगले मधेशमा बर्सेनि हुने डुबानदेखि चुरेको संरक्षण, अवैध क्रसर उद्योगहरू बन्द गराउने अनि नेपाल-भारत सीमाको दशगजामा निर्माण गरिएका बाँधहरूबाट उत्पन्न समस्याबारे पनि सरकारलाई ध्यानाकर्षण गराएको छ ।

प्रतिवेदनमा 'मधेशी र पहाडी' समुदायबीच सुमधुर सम्बन्ध बनाउनुपर्ने उल्लेख छ । द्वन्द्वभन्दा पनि सम्पर्क विस्तारलाई जोड दिइनुपर्ने र भाषा अनि संस्कृतिलाई संरक्षण गर्न संग्रहालय आदि संरचना बनाइनुपर्ने आयोगको सिफारिस छ । आयोगले आफ्ना सिफारिसहरू कार्यान्वयन नभए मधेशी समुदायको अधिकार संरक्षण नहुने र त्यसैका कारण आयोग असफल हुने जोखिम पनि उत्तिकै रहेको चेतावनी दिएको छ ।

आयोगले मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिसम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नियमित प्रतिवेदन सार्वजनिक गर्न सरकारलाई सुझाव दिएको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

## महतो पुन: संयोजक



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालको अध्यक्षमण्डल संयोजकको जिम्मेवारी पुन: राजेन्द्र महतोले पाएका छन् । राजपाको विधानमा चक्रीय प्रणालीअन्तर्गत अध्यक्षमण्डलको संयोजक दुई/दुई महिनामा परिवर्तन हुने भनिएको छ । सोहीअनुसार बिहीबारदेखि महतो पुन: संयोजक भएका छन् । बुधबार बबरमहलस्थित राजपाको केन्द्रीय कार्यालयमा बसेको अध्यक्षमण्डलको बैठकले सो निर्णय गरेको हो । यसअघि राजपा अध्यक्षमण्डलको संयोजक महन्थ ठाकुर थिए । अध्यक्षमण्डलको बैठकले तदर्थ समिति गठन निर्देशिकाअनुसार अहिलेसम्म पनि काम सम्पन्न नभएको २० दिनको समय थप गरिएको निर्णय गरेको छ ।

केन्द्रीय पर्यवेक्षकहरू आआफ्नो क्षेत्रमा गई मंसिर २५ गतेसम्म गठनसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गरी केन्द्रीय कार्यालयमा प्रतिवेदन बुझाउन अध्यक्षमण्डलले निर्देशन गरेको छ ।





समय-सन्दर्भ

संगीता रेग्मी



# अपनत्व गुमाउँदै मधेशी दल

**मधेशमा वैकल्पिक शक्तिको रूपमा कि जनमत पार्टी आउनसक्छ कि अर्को नयाँ पार्टीको जन्म हुने हो प्रतीक्षा गर्नुपर्छ । उपनिर्वाचनको परिणामले मात्र भन्न सक्ने अवस्था छैन ।**

संघीय सरकारले मन्त्रिपरिषद् हेरफेर गरेको छ । मन्त्रिपरिषद्मा कसलाई ल्याउने, निकाल्ने भन्ने विषयमा सत्तारूढ नेकपाभित्र निकैं गरमागरम बहस भयो । मन्त्रिपरिषद्को पूर्वसन्ध्यामा नेकपाका दुई अध्यक्षले कार्यविभाजन गरी पार्टीलाई सुस्त बनाउने निर्णय गरेका छन् । नेकपाभित्र यावत विषयहरूमाथि बहस भइरहँदा अर्कोतिर देशका विभिन्न भू-भागमा उपनिर्वाचनको सरगर्मी पनि बढेको छ । विभिन्न घटना परिघटनाले देशको राजनीतिक चलायमान भए झैं भान भइरहेको छ ।

समाजवादी पार्टीको संघीय परिषद्को बैठकदेखि लिएर कालापानी, लिपुलेकको विषय, जनमत पार्टीको उपनिर्वाचनमा सहभागिता, अफ्ताब आलमको विषयमा रौतहट अदालतले दिएको आदेश जस्ता विषय यो हप्ता चर्चामा रह्यो ।

नेपाली राजनीतिको सधैं केन्द्रमा रहने गरेको मधेश पुन: एकपटक नेपाली राजनीतिक वृत्तमा चर्चित बन्न पुगेको छ । स्वतन्त्र मधेश देशको माग गरी हिजो कुनै न कुनै रूपमा पृथकतावादी आन्दोलनमा सक्रिय रहेको सिके राउतको जनमत पार्टी अहिले स्थानीय तहको उपनिर्वाचनमा सहभागी हुँदैछ । मूलधारको राजनीतिमा राउतको सक्रियतासँगै मधेशको विद्यमान राजनीतिक समीकरणमा फेरबदल हुने सम्भावना पनि बढेको छ ।

समाजवादी पार्टीको संघीय परिषद्को बैठकबाट पार्टीको विषयमा ठोस धारणा आउँछ भन्ने आम जनविश्वास थियो तर चर्चामा रहेको सरकारबाट बाहिरिने र राजपासँग एकीकरणको विषयमा खासै स्पष्ट निर्णय संघीय परिषद्को बैठक र केन्द्रीय समितिको बैठकबाट आउन सकेन । बरू सरकार र सरकार सम्बद्ध पार्टीसँग वार्ता अगाडि बढाउने, आफ्नो पार्टी सरकारमा सहभागी हुँदा गरेको २ बुँदे सहमतिअनुरूप संविधान संशोधनको प्रक्रिया अगाडि बढाउन पहल गर्ने र त्यसलाई कार्यान्वयन गर्ने प्रक्रिया अगाडि नबढाएमा मात्र सरकारबाट बर्हिगमनका लागि पार्टीको कार्यकारिणी समितिले निर्णय गर्ने भन्दै प्रतिवेदन सार्वजनिक गरेर संघीय परिषद्को बैठक सम्पन्न भएको छ ।

यता कार्तिक २८, २९ र ३० गते पार्टी महाधिवेशनको मिति तोकेर बसेको राजपा नेपालको हालत त्यस्तै छ । पार्टीभित्रै गुटउपगुटमा जेलिएको राजपाको आगामी बाटो सहज देखिदैंन । समाजवादी पार्टीसँगको एकीकरण पहिलो प्राथमिकता हो भन्दै एकीकरण पछि महाधिवेशन गर्ने सोचाइमा पुगेको राजपाको महाधिवेशनको मिति गुज्रिसकेको छ । न महाधिवेशन समयमा भयो न पार्टी एकीकरण नै हुन सकेको छ । त्यसैले राजपा पनि अन्योलग्रस्त र रनभूल्लमा परेको देखिन्छ ।

मधेशका नाममा चुनावमा सहभागी भएर विजय हासिल गरेको तत्कालीन 'फोरम' र ६ वटा राजनीतिक दलको गठबन्धन 'राजपा' अहिले प्रदेश २ मा मिलिजुली सरकार बनाएर क्रियाशील छ । प्रदेश २ मा मधेशी दलकै सरकार निर्माण भएको लामो समय भइसक्दा पनि मधेशी जनताले आफ्नो गाउँ ठाउँमा सिंहदरबारको महसुस गर्न सकेका छैनन् । मधेशी जनताको चाहना अनुरूप संविधान संशोधन गराउनका लागि भन्दै संघीय सरकारमा सहभागी भएको तत्कालीन फोरम नेपाल अहिले मधेशमा सबैभन्दा आलोचित पार्टी बनेको छ । सरकारमा सहभागी भएर संविधान संशोधन गर्न नसकेको, मधेशी जनतालाई बेवास्ता गर्दै सत्ता लिप्सामा टाँसिएको आरोप लाग्ने गरेको उपेन्द्र यादव एजेन्डाविहीन भएका छन् । देशमा वैकल्पिक राजनीतिक शक्तिको रूपमा उदाउने आशामा तत्कालीन नयाँ शक्ति पार्टी नेपालसँग पार्टी एकीकरण गरेका उपेन्द्र यादव अहिले सरकारमा बस्ने कि बाहिरिने भन्ने दोधारमा रहँदै विदेश भ्रमणमा नै व्यस्त छन् ।

पछिल्ला दिनमा नेपाली राजनीतिमा देखिएको दलहरूबीचको नयाँ संरचनाले नेपाली राजनीतिलाई नयाँ

***बाँकी अन्तिम पृष्ठमा***

## सम्पादकीय



# असफल हुँदै छोरी बीमा कार्यक्रम

प्रदेश २ सरकारले छोरी जन्मे एक लाख रूपैयाँको बिमा गर्ने सुरू गरेको कार्यक्रम निष्प्रभावी भएको छ । 'बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमअन्तर्गत छोरी शिक्षा बिमा २०७५ माघ १ बाट प्रारम्भ भएको हो । बेटी बचाऊ, बेटी पढाऊ कार्यक्रमअन्तर्गत ८ वटै जिल्लामा जन्मेका बालिका शिक्षा बिमा कार्यक्रम सुरू भएको हो । २० वर्ष उमेर पुगेपछि उनीहरूले उक्त रकम लिन सकिने प्रावधान रहेको छ। प्रदेश २ सरकारले यसबाट उनीहरूलाई उच्च शिक्षा आर्जन गर्न सहयोग पुग्ने अपेक्षा राखेको छ। निश्चित रूपमा मधेशमा लामो समयदेखि छोरीहरूले चरम विभेद सहँदै आएका छन्। छोरीको जन्ममा आमाबाबुसमेत खुसी नहुने अवस्था थियो र छ पनि। त्यही संस्कारलाई बदल्न प्रदेश सरकारले बेटी बचाऊ, बेटी पढाऊ कार्यक्रम अघि सारेको हो। प्रदेश २ मा छोरीको शिक्षामा निकै कमजोर रहेकाले त्यसमा सुधार गर्न यस्ता प्रकारका योजना ल्याउनु निश्चिय पनि राम्रो हो।

गरिब, दलित, मुस्लिम तथा विपन्न परिवारमा जन्मेका छोरीहरूका लागि पहिलो

> **एक दशकअघि यस्तै अभियान भारतका विभिन्न राज्यमा गरिएको थियोर। भारतकै हुबहु कार्यक्रम नेपालमा पनि लागू गरिएको हो। यो कार्यक्रम सराहनीय रहे पनि फितलो कार्यान्वयन पक्षका कारण निष्प्रभावी भएको हो।**

चरणमा स्थानीय तहको सिफारिशका आधारमा बिमाको कार्यक्रम रहेको छ। यद्यपी प्रदेश सरकारले बेटी बचाऊ बेटी पढाऊ योजनालाई निकै महत्व दिएको छ। तर छोरीलाई शिक्षित एवं सक्षम बनाउने आकांक्षासहित सुरू भएको छोरी शिक्षा बिमा कार्यक्रम यतिखेर बेहाल भएको छ। प्रदेश सरकारको यो महत्वाकांक्षी कार्यक्रम लोकप्रिय भए पनि असफलतातिर मोडिएको छ। किनभने यो कार्यक्रमका लागि पर्याप्त जनशक्ति नहुँदा प्रदेशका आठ जिल्लाकै १ सय ३६ स्थानीय तहबाट छोरीलाई बिमा गराउन प्रदेशको अस्थायी राजधानी जनकपुरस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आउनुपर्ने बाध्यता रहेको छ। यसैले जनशक्तिको अभावमा अस्तव्यस्त बनेपछि तत्कालका लागि यो कार्यक्रम बन्द गरिएको छ। कात्तिक २६ गतेदेखि अगामी पुस मसान्तसम्मका लागि छोरी शिक्षा बिमा बन्द गरिएको हो।

पर्याप्त जनशक्ति नहुँदा गत साउनदेखि जन्मिएकी छोरीको बिमा मुख्यमन्त्री कार्यालयमै गर्ने गरिएको छ। तर कार्यालयमै समेत 'बेटी पढाऊ बेटी बचाऊ' कार्यक्रमका लागि न्यून जनशक्ति मात्र हुँदा कर्मचारीका साथै सर्वसाधारणलाई समेत सास्ती खेप्नुको विकल्प छैन। यति मात्र होइन जनशक्ति अभावले छोरी शिक्षा बिमा अस्तव्यस्त बनेपछि प्रदेश सरकारले दुई महिनाका लागि कार्यक्रम नै स्थगन गरेको छ। एक दशकअघि यस्तै अभियान भारतका विभिन्न राज्यमा गरिएको थियो/। भारतकै हुबहु कार्यक्रम नेपालमा पनि लागू गरिएको हो। यो कार्यक्रम सराहणीय रहे पनि फितलो कार्यान्वयन पक्षका कारण निष्प्रभवी भएको हो।

गरिबीको रेखामुनि रहेका परिवार धेरै रहेको र तिनमा अशिक्षा व्याप्त रहेको अवस्थामा लक्षित समुदायसम्म कार्यक्रम पुग्न कठिन देखिएको छ। भारतको बिहार तथा अन्य राज्यमा पनि यस्तैखाले कार्यक्रम जोडतोडसाथ लागू गरिएकोमा त्यहाँ पनि शतप्रतिशत सफल हुन सकेको छैन। दक्षिण एसियामै बालिका शिक्षा र जन्मको दर कमजोर छ। यस्तो अवस्थामा हाम्रो मुलुकमा बालिकाको जन्मदर र शिक्षाको क्षेत्रमा कार्यक्रमले सकारात्मक परिवर्तन ल्याउन सक्छ, तर त्यसका लागि कार्यान्वयन पक्ष निकै बलियो हुनुपर्छ। अहिले त्यो नहुँदा यो असफलताको दिशामा गइरहेको छ।

अब प्रदेश सरकारले यो कार्यक्रमका विषयमा गम्भीरतापूर्वक विचार गरी यसको सफल कार्यान्वयनमा ध्यान पुऱ्याउनु पर्छ। यश र नामका लागि यस्ता प्रकारका कार्यक्रम ल्याएर जनसमर्थन बटुल्नु मात्र उद्देश्यमा प्रदेश सरकार सिमित रहनु हुँदैन।

# अवसरवादीको चपेटामा मधेश

**विचार-विश्लेषण** भाग-४८



उपेन्द्र झा

> मधेश आन्दोलन पश्चात् शासक जहाँ मधेशसँग प्रतिशोध लिन सानो ठूलो षड्यन्त्र गरिरहेको थियो, मधेशी जनअधिकार फोरमको अध्यक्ष उपेन्द्र यादव आफूलाई कृष्णापछिको दोस्रो अवतारी पुरूषको रूपमा प्रचार गरिरहेका थिए। शासकवर्गको षड्यन्त्रलाई बेवास्ता गर्दै यदुवंशी शौर्यगाथामा रमाएका उपेन्द्र यादव जस्तो राजेन्द्र महतो र महन्थ ठाकुर पनि जातीवादी आन्दन लिई रहेका थिए।

आन्तरिक औपनिवेशिक शोषणबाट मुक्ति पाउन, समान अधिकार प्राप्त गर्न तथा समग्र मधेश एक प्रदेशको अवधारणाका साथ स्वतन्त्र रूपले उठेको मधेश आन्दोलन शदियौंदेखि नेपाली राजनीतिमा कायम रहेको रंगभेदी नीतिको विरूद्ध इतिहास रहेको छ। अढाई सय वर्षपछि मधेशमा आएको राजनीतिक चेतनाले मधेशको स्वाभिमानलाई जगायो।

लामो समयदेखि नेपाली राजनीतिको गर्भमा चलिरहेको खस-मंगोलियनको अन्तरसंघर्ष थियो नै, मधेशको अधिकार आन्दोलनले मंगोलियन संघर्षलाई थप उर्जा प्रदान गयो। अधिकारवादी आन्दोलनको उदयले जहाँ शासक वर्गलाई सचेत बनायो, त्यही अधिकारवादी आन्दोलनबीच भ्रातृत्वको सम्बन्ध विकसित भयो। शतियौंदेखि गुलामीको जंजीरमा बाँधिएको मधेशले स्वाभिमानको उज्यालो हेर्न पायो। मधेश आन्दोलनले जातीभेद, ऊँचनीच, धर्मभेद, भाषाभेद आदि सबै सामाजिक बिषमतालाई हटाएर समग्र मधेशको एकतालाई एकसुत्रमा बाँधेको थियो। शहीदहरूको रगतबाट सिचिँत यो एकता एक अस्त्रको रूपमा उदाएकोले सम्पूर्ण मधेश उत्साहित, उर्जावान र शक्तिशाली बनेको थियो। शहादतको सुची पनि लामो हुँदै जाँदा शासकवर्गका लागि पनि घुँडा टेक्नुको विकल्प थिएन।

मधेशी जनअधिकार फोरमको नेतृत्वमा उठेको मधेश आन्दोलनलाई सघाउन भनेर अनेक दलहरूको उदय भयो मधेश आन्दोलनको विशालताले मधेशका दलहरूको महत्वकांक्षा उत्कर्षमा पुऱ्यायो। दर्जनौं मधेशका नबोद्धित राजनीतिक दलहरू पारस्पारिक अस्वस्थ्य प्रतिस्पर्धामा उत्रे। संमग्र मधेशको एकता (जो शासकका लागि चुनौती थियो) जाति बाहुल्यताको आधारमा जाती पार्टीको रूपमा देखा पर्न थाल्यो। श्रेत्रीय पार्टीको रूपमा उदाएका मधेशका राजनीतिक दलहरू जाती पार्टीको सीमित घेरामा साघुँरिएकाले संसदमा जनप्रतिनिधीहरू न्युन अवस्थामा रहँदा सबै भूमिकाविहिन हुन पुगे।

मधेशी दलहरूमा देखिएको उच्च महत्वकांक्षा, हक अधिकारप्राप्तिका लागि नभएर व्यक्तिगत स्वार्थमा आधारित भएकाले शासकवर्गले यसबाट निकै फाईदा लुटे। एकअर्कालाई लडाएर, संसदमा कमजोर बनाएर उपस्थित गराउँदा पनि राज्य षड्यन्त्रलाई यिनले बुझ्न सकेनन् र शासकवर्गलाई खुसी पारेर व्यक्तिगत फाईदा लिने परम्परागत चरित्रमा मधेशका राजनीतिक फर्के। शासकवर्गको गुलामीबाहेक फरक आचरण कुनै दलको देखिएन।

मधेशका वीर सपुतहरूले मधेशमा राज्यको दोहन, शोषणको विरूद्ध मधेशीहरूको स्वाभिमान जगाएर आन्दोलनमा सहभागी गराएपनि सयौं मधेशी वीर सपुतहरूको बलिदान बिर्सन यी दलहरूलाई समय लागेन। मधेशमा परम्परागत रूपमा कायम रहेको गुलामी संस्कारलाई नै सबैले राजनीतिक आधार बनाए। मधेश आन्दोलनले शासकवर्गको मुटुमा रोपेको काँडा मधेशका राजनीतिक दलहरूले झिकी दिएपछि राज्यलाई सञ्चो भयो। मधेश आन्दोलनले दिएको एक एक धाबको बदला लिन राज्य अग्रसर भयो।

मधेश आन्दोलन पश्चात् शासक जहाँ मधेशसँग प्रतिशोध लिन सानो ठूलो षड्यन्त्र गरिरहेको थियो, मधेशी जनअधिकार फोरमको अध्यक्ष उपेन्द्र यादव आफुलाई कृष्णापछिको दोस्रो अवतारी पुरूषको रूपमा प्रचार गरिरहेका थिए। शासकवर्गको षड्यन्त्रलाई बेवास्ता गर्दै यदुवंशी शौर्यगाथामा रमाएका उपेन्द्र यादव जस्तो राजेन्द्र महतो र महन्थ ठाकुर पनि जातीवादी आन्दन लिई रहेका थिए। यसरी समग्र मधेशको एकता क्रमश टुट्दै गयो र मधेशमाथिको पकड बिस्तारै हट्दै गयो। आफ्नो जातीय बाहुल्यतामा सीमित रहेका यी पार्टीहरू विगतका दिनमा बडो नाटकीय ढंगबाट पार्टी एकता गरेर जातीय राजनीतिको कलंकलाई धुन खोजेपनि परम्परागत चरित्रका कारण सफल हुन सकिरहेका छैनन्।

गुलामी संस्कारबाट प्रेरित व्यक्तिगत स्वार्थका कारण दलका अगुवाहरू विगतका दिन टुट्दै जुट्दै अहिले समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी दुई दल मधेश राजनीतिमा देखिएका छन्। यी दुवै दलको एकीकरण हुने भन्ने सम्बन्धनमा कसले के स्वार्थका लागि प्रचार गरेका छन् थाहा छैन। तर, राजपाका नेताहरू भने एकता हुने कुराबाट अनभिज्ञ रहेको बताउँदै आएका छन्। ६ वटा राजनीतिक दलहरूले राजपा पार्टीको बहस चौतारीमा यतिका दिनसम्म सहकार्य, बहस गरेपनि राजपा बन्न नसक्दा यी ६ वटै पार्टीको दुर्भाग्य भने उजागर हुन थालेको छ। उपेन्द्र यादवले पनि 'राजपा' ६ वटा शेयर होल्डको संस्था भनेर गिज्याउन पछि परेन।

व्यक्तिगत स्वार्थ, हठी चरित्र, जातीय भावना, भ्रष्ट आचरणका कारण मधेशलाई अधिकार सम्पन्न गराउने क्रान्तिकारी धारबाट विमुख भएकाले मधेशका यही दलहरूका कारण मधेशको समग्र एकता टुक्रियो। ८ जिल्लामा सीमित मधेशको सरकार बनाएर रमाएका अवसरवादीहरू संमग्र मधेशको बहस टुंगिएको शर्मनाक जवाफ दिन्छन्। अहिलेको राजनीतिक संरचनालाई राजनीतिक प्रस्थान विन्दु बनाएको शासकवर्गले यिनलाई पछाडिका कुरा गर्दा कति झर्पाछन् सर्वविदित नै छ। के यो अवसरवादीहरूबाट मधेशले खोजेको अधिकार बहाल हुन सम्भव छ ?

समाजवादी पार्टीलाई वैकल्पिक शक्ति बनाउने नारद मोह भएको छ। पार्टीको राष्ट्रिय चरित्र बनाउने उपेन्द्र यादवको 'हनुमान फुद' को विचार धरातलीय यथार्थसँग विल्कुल मेल खाँदैन। उसको राजनीतिक धरातल मधेश हो। बाबुराम भट्टराईसँग एकीकरण हुँदैमा राष्ट्रिय पार्टी बन्दैन भन्ने विगतको चुनावमा उपेन्द्र यादवले प्रायोगिक ज्ञान पाईसकेको छ। पहाड र मधेशबीच चर्को अन्तरविरोध रहेको अवस्थामा उपेन्द्र यादवको यो सपना कहिल्यै पुरा नहुने कुरा सूर्य जस्तै छर्लंग छ। राजपाको अन्तरसंघर्षले राजपाको अन्त हुने संकेत दिई रहेको छ।

मधेशका लागि संघीयता प्रत्युत्पादक बनेको छ। मधेशलाई ५ टुक्रामा बाँडेर पाएको संघीयताको कुनै अर्थ छैन। राज्यसत्तामा खसवर्गीय शासकहरूको वर्चस्व कायम रहेसम्म पाएको लोकतन्त्र, संघीयता वा गणतन्त्रले मधेशलाई पीडा दिई रहन्छ। यसबाट मुक्तिको कुनै आश छैन। यस कुराबाट मधेशका यी अवसरवादी दलहरू सहमत हुन सक्दैन। क्रान्तिकारी धार छाडेर चरम अवसरवादी धारमा आएका समाजवादी वा राजपा व्यक्तिगत वा दलगत स्वार्थका लागि क्रान्तिकारी आवाज त उठाउँछन् तर संघर्षको धारमा आउन सक्दैनन् किनकी उनीहरू राज्यसत्ताका अनेकन बन्धनमा बाँधिएका छन्।

*janukjha24@gmail.com*

## साताको सात बात



संविधान संशोधन मार्फत मधेशी जनतालाई थप अधिकार दिलाउन म पनि लागिरहेको छु। संविधान परिवर्तनशील दस्तावेज हो यो एकपटक होइन पटकपटक संशोधन गर्न सकिन्छ। मधेशी जनताले चुनावमा सबैभन्दा बढी सहभागिता जनाएकोमा म हर्षित छु। **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



पुष्पकमल दाहालले दिनमा चार पटकसम्म लभ गर्न थाल्नुभएको छ। उहाँलाई मधेश जाँदा मधेशसँग, पहाड जाँदा पहाडसँग लभ पर्छ। अहिले उहाँ संघीयता नचाहाने कित्तामा उभिनुभएको छ। कम्युनिष्टलाई अहिले पनि संघीयता राम्रो लागेको छैन। **डा.बाबुराम भट्टराई, संघीय परिषद् अध्यक्ष, समाजवादी पार्टी**



अहिलेको निजामती प्रशासनमा नीतिगत र संरचनागत दुवै समस्या रहेको मैले बुझेको छु। हामीले व्यक्तिलाई दोषी देखिराछौं, संरचना नै कमजोर छ। स्थानीय तह, प्रदेश र संघबीचको अन्तरसम्बन्धलाई तारतम्य मिलाएर अघि बढाउन मेरो प्राथमिकता रहन्छ। **हृदयेश त्रिपाठी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री**



नेपालमा अब मधेशवादी पार्टी छैन। मधेशवादीको नाममा जनतालाई झुक्याउने कामहरू मात्रै भइरहेको छ। कांग्रेस मात्र मधेशका साथै समग्र देशको पार्टी हो। कांग्रेसले संविधान संशोधन गर्न चाहेपनि नेकपा र सत्तामा रहेको समाजवादी पार्टीले चाहेको छैन। **विमलेन्द्र निधि, उपसभापति, नेपाली कांग्रेस**



संघीयताको विषयमा मुलुकमा अझैपनि गलत सन्देश दिने कोशिष भैरहेको छ। सकारात्मक विचारका साथ अघि बढ्नुपर्छ। संघीयताले मुलुकलाई बलियो बनाउँछ। प्रदेशको ढाँचा र अधिकार हुँदै नभए त्यो संघीयता नै होइन। **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**



चुरे सवाल मधेशको भविष्यसँग मात्रै जोडिएको छैन, नेपालको नियति नै यसमा जोडिएको छ। प्रादेशिक रूपमा जे-जस्तो राजनीतिक भूगोल कोरिए पनि समथर र पहाड बीचको अन्तरसम्बन्ध पनि चुरे संरक्षणसँगै जोडिएको छ। **चन्द्रकिशोर, लेखक**



कार्यसम्पादनको आधारमा मन्त्रिपरिषद् पुनर्गठन गर्नुपर्ने भए पनि गुटगत पूर्वाग्रह र लेनदेनको आधारमा गरिएको देखियो। योग्यहरूलाई हटाएर अयोग्यलाई पनि मन्त्री बनाइएको छ। **प्रभु साह, अध्यक्ष, प्रदेश २, नेपाल कम्युनिष्ट पार्टी**

# गुरूनानक र नेपालको सम्बन्ध

काठमाडौं। हिन्दूहरूका आराध्यदेव पशुपतिनाथको हरेक दिन नित्यपूजा हुने गर्छ। त्यसरी गरिने नित्यपूजाका विभिन्न विधिहरू निर्धारण गरिएका छन्। तर ती विधिहरू सुरू गर्नुपूर्व पशुपतिको शिवलिङ्गमा फूलको माला लगाइदिनु पर्छ। त्यसलाई शिरमाला भन्ने गरिन्छ।

उक्त शिरमाला कहाँबाट ल्याइन्छ भन्ने कुरा रोचक रहेको बताउँछन् संस्कृतिविद् एवम् पशुपति क्षेत्र विकास कोषका पूर्व सदस्य सचिव गोविन्द टण्डन।

उनी भन्छन्, 'पशुपतिनाथको नित्यपूजाका लागि चढाइने शिरमाला अहिले पनि पशुपति क्षेत्रमा अवस्थित एउटा सिखहरूको अखडा (निर्मल अखडा)बाट आउँछ।' धेरैलाई अचम्म लाग्न सक्ने उक्त चलन राणाकालदेखि नै चल्दै आएको उनी बताउँछन्।

पशुपतिनाथको शिरमालासँग जोडिएको उक्त कुराले पशुपति क्षेत्रमा विभिन्न धर्मबीच सहअस्तित्व स्वीकारिएको छ भन्ने पनि देखाउने उनको तर्क छ। 'निर्मल अखडा जङ्गबहादुरका छोरा जीतजङ्गले स्थापना गरेको भन्ने प्रमाण पाइएका छन्। उनैले शिरमाला त्यहाँबाट लगेर प्रयोग गर्नुपर्ने चलन पनि चलाएका हुन,' टण्डन भन्छन्।

राणाकालमा नेपालका राजा र राणा परिवारमा पञ्जाबका खत्रीहरूप्रति ठूलो सम्मान र लगाव रहेको टण्डनको तर्क छ। नेपालको दरबार र पञ्जाबका खत्रीबीच वैवाहिक सम्बन्धहरू पनि स्थापित भएका उदाहरणहरू रहेकाले त्यसैको प्रभावका कारण पशुपतिमा शिरमाला सिखको अखडाबाट ल्याउन थालिएको हुनसक्ने उनी ठान्छन्।

'पशुपति क्षेत्रमा बाँदर धेरै लाग्ने भएकाले फूलहरू नष्ट हुने गर्थे होलान्, तर निर्मल अखडामा हेरचाहको व्यवस्था भएकाले त्यहाँका फूलहरू राम्रो हुने गरेकाले पनि त्यस्तो चलन चलाइएको हुनसक्छ,' टण्डन भन्छन्। निर्मल अखडामा फूल र बगैंचा राम्रो नहुँदा पनि उक्त चलन भने जारी रहेको उनी बताउँछन्।

निर्मल अखडा बाहेक पनि पशुपति क्षेत्रकै भस्मेश्वर महादेव भएको स्थानमा अर्को एउटा नानक मठ रहेको छ। ती दुवै स्थानमा गुरू ग्रन्थ साहेब राखिएका छन्। ती बाहेक काठमाडौंको ज्ञानेश्वर, कालमोचन, शोभा भगवती र बालाजुमा पनि ऐतिहासिक नानक मठ र नानक अखडाहरू रहेका छन्।

यी मठ र अखडाको स्थापना, तिनलाई राजाहरूले दिएका जग्गाका प्रमाणहरू र काठमाडौंमा पाइने अनुश्रुतिका आधारमा कतिपयले सिख धर्मका प्रवर्तक गुरू नानक नेपालमा आएका थिए भन्ने लेखेका छन्। त्यस्ता अध्येतामा नेपाली मात्र नभएर भारतीयहरू पनि धेरै छन्।

गुरू नानकको जीवनी लेख्नेहरूले पनि उनले प्रवचन दिँदै र तपस्या गर्दै विभिन्न क्षेत्रको भ्रमण गरेको र त्यस क्रममा नेपाल आएको भनी पुस्तकहरूमा लेखेको पाइन्छ। तर नेपाली इतिहासकारहरू भने यहाँका पुराना अभिलेखहरू तथा प्रमाणहरूमा कतै पनि नानकले नेपाल भ्रमण गरेको भन्ने विवरण नभेटिएको बताउँछन्। त्यसैले ऐतिहासिक प्रमाणका आधारमा नेपालमा नानकको भ्रमण भएको भन्न नसकिने उनीहरू बताउँछन्।

केही दिनभित्रै सार्वजनिक हुन लागेको 'नेपालमा सिख धर्म' पुस्तकका लेखक एवम् इतिहासकार महेशराज पन्त भन्छन्, 'ऐतिहासिक प्रमाणका आधारमा गुरू नानक मात्र होइन, सिख धर्मका दशम गुरूसम्म पनि नेपाल आएको प्रमाण छैन।' तर गुरू नानकले आफ्नो जीवनकालमा गरेका भ्रमणहरूबारे नै पुस्तकहरू प्रकाशित भएका छन् र तिनमा उनले नेपालको भ्रमण गरेको उल्लेख छ।

त्यस्तै मध्येको एउटा पुस्तक हो- सुरिन्दर सिंह कोहलीद्वारा लिखित र सन् १९६९ मा पञ्जाब विश्वविद्यालय, चण्डिगढबाट प्रकाशित 'ट्राभल्स् अफ् गुरू नानक'। उक्त पुस्तकमा कोहलीले नानकले आफ्नो तेस्रो भ्रमण नेपालमा गरेको उल्लेख छ। उनले लेखेका छन् (पृ. ११३), 'सन् १५१४/१५ मा गुरू नानक उत्तर प्रदेशको सीमाबाट भारतीय उपमहाद्वीप र तिब्बतको बीचमा रहेको स्वतन्त्र अधिकाराज्य नेपालको भूमिमा प्रवेश गरे।' उनको नेपाल आउनुको उद्देश्य एउटै मात्र भगवान् छन् भन्ने सन्देश दिनु र धेरै भगवानको प्रार्थना गर्नबाट रोक्नु थियो भन्ने कोहलीको दाबी छ। नानक भारतको विहारस्थित सीतामढीबाट नेपाल प्रवेश गरेर जनकपुर पुगेको र त्यहाँबाट उनी चतरा हुँदै वराहक्षेत्र पुगेको उक्त पुस्तकमा उल्लेख छ। उनलाई नेपालमा त्यसबेला नानक ऋषिका रूपमा मानिएको पनि कोहलीको तर्क छ।

नानक नेपालका विभिन्न भाग हुँदै काठमाडौं प्रवेश गरेको र उनी पशुपतिनाथमा बसेको पुस्तकमा उल्लेख छ। त्यसमा नेपालका राजाले उनीसँग धार्मिक र अन्य खाले निर्देशनहरू लिएको पनि उल्लेख छ। तर त्यसमा नेपालका राजा भनी 'राजा ससोदिया राजपुत महान रनवीर सिंह' भनेर लेखेकाले पुस्तकमाथि शंका उब्जने इतिहासकारहरू बताउँछन्। उनले नेपालका विभिन्न स्थानसहित सोलुखुम्बुको त्याङ्बोचे गुम्बाको पनि भ्रमण गरेको दाबी पुस्तकमा छ (पृ. ११५(११६)।

सोही कुरालाई नेपालस्थित भारतीय दूतावासले गत सेप्टेम्बरमा निकालेको 'सिख हेरिटेज अफ नेपाल' नामक एउटा पुस्तिकामा समेत उल्लेख गरिएको छ। उक्त पुस्तिकामा मन्तव्य लेख्दै भारतीय राजदूत मञ्जीवसिंह पुरीले उक्त दाबी गरेका हुन्।

शोभाभगवतीस्थित नानक मठ अगाडि राखिएको घण्टामा पञ्जाबी भाषामा लेखिएको छ। जगत्जय मल्लले ज्ञानेश्वरको नानक मठलाई खेत दिएको प्रमाण छ। त्यसपछि उनका छोरा जयप्रकाश मल्लले विसं. १८१३ मा पशुपतिको भस्मेश्वर महादेवको नानक मठलाई २० रोपनी जग्गा दिएको प्रमाण रहेको इतिहासकार पन्त बताउँछन्। पन्तका अनुसार नानकका समकालिन नेपाली राजा यक्ष मल्ल हुन्।

# आत्मसमर्पण गरेर सभामुख पद लिन्नौं

**महन्थ ठाकुरजी त यो देशको राष्ट्रपति, प्रधानमन्त्री, सभामुख बन्ने हैसियत राख्नुहुन्छ । तर, राज्यले अप्ठ्यारो परेको बेलामा उहाँको नाम बाहिर ल्याउने गर्दछ । उहाँ सभामुख बन्ने हल्ला मात्र हो । महन्थ ठाकुरजी आत्मसमर्पण गरेर सभामुख पद लिनुहुन्न ।**



**कृष्णा सिंह**
**प्रवक्ता, राष्ट्रिय जनता पार्टी नेपाल**

**० राष्ट्रिय जनता पार्टी नेपालले आफैले तोकेको मितिमा महाधिवेशन गर्न सकेन । अध्यक्षमण्डलका संयोजक मात्र परिवर्तन हुँदै आएको नि ?**

– महाधिवेशनका धेरै कुराहरू अहिले अगाडि बढिसकेका छन् । जिल्लाहरूमा कमिटीहरू गठन भइसकेका छन्, केही ठाउँहरूमा अलिकति विवादहरू छन् त्यहाँ लोकतान्त्रिक प्रक्रियाले अगाडि बढाउँछौं । हामीलाई के लागेको थियो भने महन्थ ठाकुरकै नेतृत्वमा महाधिवेशन सम्पन्न हुन्छ । तर, संयोजक पुन: परिवर्तनले हामी आश्चर्यमा परेका छौं । हुनसक्छ केही कारणले गर्दा ठाकुरजीले राजेन्द्र महतोजीलाई संयोजक हस्तान्तरण गर्नुभएको होला । तर, महाधिवेशनका लागि राजपा अहिले एकढिक्का भएर अगाडि बढिरहेको छ ।

**० तोकिएकै मितिमा महाधिवेशन किन हुन सकेन त ?**

– निश्चितरूपमा तोकिएको मितिमा महाधिवेशन हुनसकेन । यसका विभिन्न पक्षहरू छन् । अध्यक्षमण्डलकै नेताहरूबीच समझदारी नबनेर समयमै महाधिवेशन हुन नसकेको हामीले बुझेका छौं । राजपा अहिले बन्ने क्रममै छ । सायद अध्यक्षमण्डलका नेताहरूमा महाधिवेशन गर्ने इच्छाशक्ति नभएकोले हुन सकेन । तर, अहिले आएर नेताहरूबीच समझदारी बनेको स्थिति छ । यो एउटा सुखद् पक्ष हो । त्यसैले, राजपा अब बल्ल बन्ने क्रममा छ ।

**० जिल्लास्तरमा भन्ने हो भने अध्यक्षमण्डलकै क्षेत्रमा बढी विवाद देखिएको छ नि ?**

– वास्तवमै भन्ने हो भने अध्यक्षमण्डलमै समस्या छ । पार्टीका अध्यक्षमण्डलहरूमा समस्या छैन । निर्णय गर्ने अधिकार अध्यक्षमण्डललाई नै छ । उहाँहरूले आआफ्नो हिसावले पर्यवेक्षक चुन्नुहुन्छ, आफ्नो हिसावको हिस्सा पनि लिनुहुन्छ र सबभन्दा बढी विवाद उहाँहरूकै क्षेत्रमा हुन्छ । द्वन्द्व यहींनेर देखिन्छ । एकअर्काप्रति शंकाउपशंका गर्ने, अर्काको क्षेत्रमा गएर द्वन्द्व उत्पादन गराउने वातावरण देखियो । अध्यक्षमण्डलका नेताहरूकै क्षेत्रमा विवाद हुनु दुर्भाग्यको कुरा हो । शीर्ष नेतृत्वहरूमा दम्भ र अहंकार देखिएको छ तर, उहाँहरूको पक्षमा आम नेता कार्यकर्ता छैन ।

**० तदर्थ समिति गठनसम्बन्धी निर्देशिका जारी भएको थियो तर, त्यो समयमा कार्य सम्पन्न भएन । पुन: २० दिन थपिएको छ । यो अवधिमा महाधिवेशनको तयारी पूरा हुन्छ त ?**

– थप भएको समयमा पर्यवेक्षकहरूले आफ्नो सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्छ र त्यसलगत्तै महाधिवेशनको मिति घोषणा हुनुपर्दछ । यो २० दिन पर्याप्त छ । जहाँ सहमति हुँदैन त्यहाँ लोकतान्त्रिक प्रक्रियाअनुसार चुनाव गराएर भएपनि कमिटी चयनको काम सम्पन्न गराउनुपर्छ ।

**० यही वर्षभित्र महाधिवेशन हुन्छ कि अर्को वर्ष ?**

– थप भएको समयमा पर्यवेक्षकहरूले आफ्नो कार्य सम्पन्न गऱ्यो भने यही वर्षभित्र हुन्छ । किनभने महाधिवेशनका धेरै कुराहरू भइसकेका छन् । पार्टीका शीर्ष नेताहरूलाई महाधिवेशन गर्ने इच्छा छ भने यही महिनाभित्र भइहाल्छ । किनभने पूर्वतयारी बिना महाधिवेशन सम्भव छैन । पार्टीलाई एकढिक्का, मजबुत र जिवन्तता दिनका लागि महाधिवेशन अति आवश्यक छ ।

**० अध्यक्षमण्डलका नेताहरू आफू दुई-दुई महिना संयोजक भइरहने लोभ गर्दा पनि महाधिवेशनलाई त्यति प्राथमिकता नदिएको हो कि ?**

– अध्यक्षमण्डलीय पद्धतिले गर्दा पनि महाधिवेशनलाई धेरै प्रभाव पारिरहेको छ । सबै जनाले अध्यक्षमण्डलको संयोजक भइसक्नुभयो तर, पार्टीलाई उहाँहरूले जीवन्तता दिन सक्नुभएको छैन । आम नेता कार्यकर्ताले एक जना कसैलाई संयोजक वा अध्यक्ष बनाएर हिंडौं भन्ने चाहन्छन् । कुनै एक जना नेतालाई नेतृत्व दिएर महाधिवेशन गरौं र त्यसबाट जो आउनुहुन्छ उहाँलाई स्वीकार गर्छौं भन्ने चाहना छ । तर, उहाँहरू आफ्नो खुट्टामा आफै बञ्चरो हान्ने काम गरिरहनुभएको छ । चक्रीय प्रणाली हामीलाई कहिल्यै पनि स्वीकार छैन । तापनि अध्यक्षमण्डलका नेताहरूको जुन बाध्यात्मक स्थिति छ त्यसलाई स्वीकार गरिरहेका छौं । तर यो चक्रीय प्रणालीले राजपालाई राम्रो गरिरहेको छैन ।

**० उपनिर्वाचनमा राजपाको तयारी कस्तो छ ?**

– यो उपनिर्वाचनमा राजपाको राम्रै अवस्था छ । तर, अहिले पार्टी एकढिक्का नभइसक्दा जुन द्वन्द्वहरू देखिएका छन्, यसले अवश्य नै हामीलाई असर गर्छ । यी कुराहरूलाई यथाशीघ्र समाप्त गर्दा मात्र नेताजीहरू र पार्टीको लागि राम्रो हुन्छ । जसरी कांग्रेसले कांग्रेसलाई हरायो, त्यसरी नै राजपाले राजपालाई नै हराउने अवस्था सिर्जना भएको छ । त्यसैले, अहिले हामी एकढिक्का भएर हिंड्नुपर्छ ।

**० राजपा र समाजवादी पार्टीबीच एकताको चर्चा लामो समयदेखि चलिरहेको छ, एकता प्रक्रिया कहाँसम्म पुग्यो ?**

– यसको जवाफ त हाम्रो संयोजक राजेन्द्र महतोले नै दिनुहुन्छ, किनकि उहाँ वार्ता समितिका पनि संयोजक हुनुहुन्छ । तर, हामी पहिला राजपा बनाऔं, त्यसपछि एकतामा जाऔं भन्दैछौं । हामी एकताका विरोधी होइनौं, तर पहिला राजपा बनाउनुपऱ्यो । हाम्रो आफ्नै बीचमा समझदारी बनेको छैन भने अन्य पार्टीसँग कसरी समझदारी हुनसक्छ । हाम्रो पार्टीमा धेरै नेताहरू हुनुहुन्छ, उहाँहरूलाई उचित समायोजन गर्नुपर्ने आवश्यकता छ । उपेन्द्र यादवजीसँग धेरै पहिलादेखि एकताको कुरा चलिरहेको छ, यो एउटा प्रक्रिया हो । तर, कमसेकम हामी पहिला पार्टीलाई सुदृढ बनाऔं, एकता त भोली समयमा हुनसक्छ । एकीकरणको कुरा त चलिरहेको छ तर, कस्तो एकीकरण ? समर्पण कि एकीकरण ? त्यसैले यी कुराहरू बुझेर नै हामी आत्मसमर्पण गर्ने पक्षमा छैनौं । राजपाको आफ्नो जुन एउटा स्पष्ट धार छ, त्यसलाई तोडमोर गरेर सिधै मिलिहाल्ने अवस्थामा राजपाका नेताहरू छैनन् । त्यसैले, जबसम्म यी कुराहरू अध्यक्षमण्डलले मिलाउन सक्नुहुन्छ तबसम्म एकीकरण सम्भव छैन ।

**० तपाइँहरू के चाहनुहुन्छ ?**

– नेतृत्व व्यवस्थापनदेखि मुद्दामा जबसम्म सबै कुरा मिल्दैन एकीकरण कसरी सम्भव हुन्छ ? एकीकरणको कोही विरोधी छैनन् । तर, त्यसभन्दा पहिला केही कुराहरू समझदारी त बन्नुपऱ्यो नि । त्यस्तो अहिलेसम्म ठोस निर्णय भइसकेको छैन, हामी पनि एकीकरण चाहन्छौं ।

**० समाजवादी पार्टीका अध्यक्ष स्वास्थ्यमन्त्री हुँदा भारत जानुभयो, तर फर्किनुभन्दा पहिला उहाँको मन्त्रालय नै परिवर्तन भइसकेको छ । प्रदेश प्रमुखहरू पनि परिवर्तन गर्दा उहाँलाई सोधिएन । भनेपछि, उहाँको सरकारमा सहभागितालाई तपाइँहरू कसरी हेर्दै हुनुहुन्छ ?**

– यदि उहाँको सहमतिमा यी कुराहरू भएको छ, हामीले टिप्पणी गर्नुपर्ने आवश्यकता छैन । तर, सत्तारूढ दललाई नै बेवास्ता गरेर कुनै निर्णय गरिन्छ भने एकदम खेदजनक नै हो । उपप्रधानमन्त्री जस्तो ओहोदा भएका नेतालाई पनि सोधिँदैन भने ओलीको चरित्र स्पष्ट हुँदैछ । हामीले केपी ओलीलाई तानाशाहको उपजको रूपमा हेरिरहेका छौं । यस विषयमा समाजवादीका साथीहरूले तुरून्त सरकारबाट बाहिर आउनुपर्छ ।

**० राजपा पनि सरकारमा सहभागी हुने चर्चा भइरहेको छ, महन्थ ठाकुरलाई सभामुख बनाइने भन्ने हल्ला पनि छ नि ?**

– महन्थ ठाकुरजी त यो देशको राष्ट्रपति, प्रधानमन्त्री, सभामुख बन्ने हैसियत राख्नुहुन्छ । तर, राज्यले अप्ठ्यारो परेको बेलामा उहाँको नाम बाहिर ल्याउने गर्दछ । उहाँ सभामुख बन्ने हल्ला मात्र हो । महन्थ ठाकुरजी आत्मसमर्पण गरेर सभामुख पद लिनुहुन्न ।

**० यथास्थितिमा उहाँ सभामुख बन्नुहुन्नु हुन्न ?**

– निश्चितरूपमा यथास्थितिमा उहाँ अथवा हाम्रा नेता कुनै पदमा जाँदैन । राजपाको आफ्नो स्पष्ट धार, मूल्यमान्यता छ । जबसम्म हामीले उठाउँदै आएको माग पूरा हुने प्रक्रिया सुरू हुँदैन तबसम्म सरकारमा जाने कुरा कोरा कल्पना मात्र हो । हामीले कुनै पदका लागि मुद्दालाई छोडेर हिंड्न सक्दैनौं ।

**० फेरि सीमा विवाद उचालिएको छ । यो समस्या समाधानका लागि सरकारको पहल कस्तो देख्नुहुन्छ ?**

– नेपाल-भारत सीमा विवाद आजको होइन, तत्कालीन राजा महेन्द्रकै पालादेखिको हो । महेन्द्रले नै विभिन्न कालखण्डमा विभिन्न सम्झौताहरू गरेका छन् । तराई-मधेश भेगमा सीमामा केही समस्याहरू छन् । ती आपसी समझदारीमा समाधान गर्न सकिन्छ । तर, जब-जब चुनाव आउँछ, त्यसपछि ठूलो राष्ट्रवादी देखाउन र जनतालाई झुक्याएर मत बटुल्ने हतियारको रूपमा मात्र यस्ता कुराहरू उठाइने गरिएको छ । सीमा विवादलाई कुटनीतिक तवरले समाधान गर्नुको साटो यो सरकारले जनतालाई भड्काउने अभिव्यक्तिहरू मात्र दिने गरेको छ । अहिले नेपालका सबै दलहरूको एकमत छ, तर यसमा सरकारको पहल देखिएको छ । अहिले उपनिर्वाचन आएको छ, यसलाई समाधान गर्नुको साटो यसलाई भोट बटुल्ने साधनको रूपमा प्रयोग गरिँदैछ । कुनै छिमेकी मित्रराष्ट्रको झण्डा जलाउने, दूतावास अगाडि नारा लगाउने जस्ता कार्यहरूले यो समस्या समाधान हुनेवाला छैन । यसका लागि कुटनीतिक पहल नै गर्नुपर्छ । राष्ट्रियताको नाममा छिमेकी मुलुकहरूसँग सम्बन्ध बिगार्ने काम यो सरकारले गरिरहेको छ । यस्तो राष्ट्रियता कहीं पनि छैन । राष्ट्रियताको लडाई त मधेशीले सधैं लड्दै आएका छन् ।

# चाहेर पनि मधेशका महिलाहरू अगाडि आउन सकेका छैनन्

**कतैकतै सामाजिक मान्यताहरूले पनि महिलाहरूलाई घरबाहिर जानबाट रोक लगाएको छ, अवस्था थोरै परिवर्तन त हुँदैछ । तैपनि हाम्रो सामाजिक संरचनाले गर्दा हाम्रो गतिशिलतालाई नियन्त्रण गरेको छ जसले गर्दा तराईका महिलाहरू घरभित्र छन् ।**



**अन्जु झा**
**महिला अधिकारकर्मी तथा अध्यक्ष, माण्डवी**

**० माण्डवी संस्था के हो ?**

– माण्डवी मात्र एउटा नाम हो । यो महिलाहरूले नेतृत्व गरेको संस्था हो । मिथिलाका राजा जनकका तीनजना महिला विद्वान हुनुहुन्थ्यो, माण्डवी, मैत्री र गार्गी । उहाँहरूले राजा जनकलाई विभिन्न परिस्थितिमा सल्लाह दिनुहुन्थ्यो । माण्डवीले त्यतिबेला शिक्षा र कलाको क्षेत्रमा काम गरेको देखिन्छ । साथै कुनै विषयमा जरूरी निर्णय लिनुपऱ्यो भने राजा जनकले उहाँहरूसँग छलफल गरेको हामीले रामायणमा पढेका छौं । त्यतिबेला महिलाको स्थान त्यति राम्रो थियो तर अहिलेसम्म आइपुग्दा हामी कसरी पछाडि कसरी पऱ्यौं त ? त्यसबाटै प्रभावित भएर हामीले हाम्रो संस्थाको नाम माण्डवी राखेका हौं ।

**० अहिलेसम्म माण्डवीले कस्ता कामहरू गर्दै आएको छ ?**

– हामीले मुख्य रूपमा तराईलाई आधार मानेर काम गर्दछौं । माण्डवीले द्वन्द्व व्यवस्थापन, मानवीय सहयोगमा काम गर्दै आएको छ । बाढी र भूकम्प मात्र प्राकृतिक प्रकोप होइन अन्य विभिन्न प्राकृतिक प्रकोपका रूपहरू पनि हुन्छन् त्यससँग सम्बन्धित भएर काम गर्दैछौं । शिक्षाको सवालमा, आर्थिक विकासको सवालमा, जनावरहरूको सुरक्षाको विषयमा पनि काम गर्छौं । सबै कामहरू हेर्दा हामी विशेष गरेर महिला र सीमान्तकृत समुदायलाई लिएर काम गर्दै आएका छौं । सन् २००९ मा संस्था दर्ता भएको हो । २०११ देखि हामी निरन्तर ७/८ वटा जिल्लामा काम गर्दै आएका छौं ।

**० अहिलेको अवस्थामा महिला र सीमान्तकृत समुदायको अवस्था कस्तो पाउनुहुन्छ ?**

– तथ्यांकलाई नै हेर्दा पनि नेपालमा महिलाको संख्या ५०% भन्दा बढी छ । तर, राज्यका निकायहरूमा, राजनीतिक दलहरूको निर्णयक तहमा, घरपरिवारमा जहाँपनि महिला पछाडि नै छन् । महिला मात्र होइन दलित, जनजाति, मधेशी सबै पछाडि परिरहेका छन् । त्यही निश्चित समुदाय पछाडि परेको हुनाले नै समाजमा द्वन्द्व उत्पन्न भएको छ । देशमा द्वन्द्व छ । फलस्वरूप विभिन्न परिवर्तन हुँदा हुँदै पनि हामी यहाँसम्म मात्र आइपुगेका छौं । महिला तथा सीमान्तकृत समुदाय पछाडि छौं नि नभए राज्यले किन आरक्षण दिनुपर्दथ्यो । राज्यले महिलाको सवालमा ३३% आरक्षणको व्यवस्था गरेको छ भने सीमान्तकृत समुदायलाई उनीहरूको जनसंख्याको आधारमा वा अन्य विभिन्न आधारहरूलाई हेरेर आरक्षणको व्यवस्था गरिदिएको छ । राज्यले त आरक्षण दियो तर परिवार र समाजले त आरक्षण दिँदैन । डिटोमेटिङ अवस्थाभन्दा अलि माथि हामी छौं तर समानताको अवस्थामा पुगिसकेका छैनौं ।

**० तराई-मधेशका महिलाहरू मूलधारमा आउन सकेका छैनन्, उनीहरूलाई नेतृत्वमा वा राज्यका विभिन्न निणार्यक तहमा ल्याउन तपाईहरूले के गर्दै हुनुहुन्छ ?**

– हामीले प्रदेश २ को सबै जिल्लामा काम गरिसकेका छौं र अहिलेको अवस्थामा पनि बारा, पर्सा, रौतहट, सर्लाही र महोत्तरीमा काम गरिरहेका छौं । सिन्धुली, विराटनगर र दाङमा पनि हामीले काम गरिरहेका छौं । देशकै महिलाको अवस्था पछाडि पर्दाखेरी तराईवासी नै पछाडि परेको छ । जब तराईवासी नै पछाडि छन् भने त्यहाँका महिलाहरू त अझ पछाडि अवश्यै पर्ने भए । कतैकतै सामाजिक मान्यताहरूले पनि महिलाहरूलाई घरबाहिर जानबाट रोक लगाएको छ, अवस्था थोरै परिवर्तन त हुँदैछ । तैपनि हाम्रो सामाजिक संरचनाले गर्दा हाम्रो गतिशिलतालाई नियन्त्रण गरेको छ जसले गर्दा तराईका महिलाहरू घरभित्र छन् । अहिले बालिकाहरू विद्यालय जाँदै गरेको अवस्था पनि छ । तर त्यहाँ पनि लैगिंक भेदभाव देखिने गरेको छ । जसरी छोरीलाई घरबाट बाहिर निकाल्न खोज्दैछौं त्यसरी नै छोरालाई पनि अलिकति घरभित्र पस्न लगाउने र घरको काममा सहयोग गर्न लगाउने परिपाटी विकास भयो भने सहज हुन्थ्यो । तर त्यो प्रयास भएको छैन । जसले गर्दा चाहेर पनि मधेशका महिलाहरू अगाडि आउन सकेका छैनन् ।

**० महिलालाई घरभित्र सीमित राख्ने सोचाईमा परिवर्तन हुनुपऱ्यो र पुरूषलाई पनि घर भित्रको काम सिकाउनुपऱ्यो भन्ने तपाईको आशय थियो ?**

– महिला पुरूष बन्ने होइन अथवा पुरूष महिला बन्ने होइन । प्रकृतिप्रदत्त हामी जे छौं त्यो त हाम्रो विशेषता हो । तर त्यो विशेषताकै आधारमा कार्यको विभाजन हुनुभएन । आज हामी महिलालाई हरेक क्षेत्रमा सहभागी गराउन चाहिरहेका छौं । आज कृषि, स्वास्थ्य, राजनीति, शिक्षा हरेक क्षेत्रमा महिलालाई अगाडि ल्याउन खोजिरहँदा उसले हिजोका दिनमा घरमा गर्ने काममा अरूको केही सहयोग पाएकै छैन कि एउटा महिलालाई हामीले लोडमाथि लोड पो थपिरहेका छौं कि । त्यतातिर पनि ध्यान दिनुपऱ्यो । महिला सबैतिर हुनुपऱ्यो, हामी भनिरहेका छौं तर पुरूष सबैतिर हुनुपऱ्यो भन्ने विषयमा हामीले ध्यान दिएकै छैनौं । पुरूषलाई भित्र ल्याउन र महिलालाई बाहिर निकाल्न हामीले काम गर्नुपर्छ ।

**० तपाईहरूले विभिन्न जिल्लामा काम गरिरहनु भएको छ, त्यहाँ तपाईहरूले के नयाँ कुरा सिकाउनुहुन्छ ?**

– हामीले जुन विषयमा काम गरेपनि त्यो ३३% को कुरा गर्दनौं । हामी जहिले पनि समानताको कुरा गर्छौं । हाम्रो उद्देश्य महिलाको मुद्दा पुरूषले पनि बुझ्नपर्छ, एउटा दलितले नै दलितको आवाज उठाउँछ भने त्यो अगाडि आउँदैन । दलितको मुद्दा बाहुनले उठाइदिनुपऱ्यो, महिलाको मुद्दा पुरूषले पनि बुझिदिनुपऱ्यो । यदि मैले कुनै मुस्लिम महिलासँग काम गर्नु छ भने मुस्लिम समुदायको पुरूषलाई महिलाको विषयमा बुझाउनुपऱ्यो । जसलाई अगाडि बढाउनु छ त्योसँग मात्र हामी काम गर्दैनौं, त्यसका सहायकलाई पनि लिएर हामी अगाडि बढ्छौं यो विषयमा हामी अरूभन्दा आफूलाई फरक महसुस गर्छौं ।

**० माण्डवी कस्तो संस्था हो ?**

– माण्डवी विशुद्ध गैरसरकारी संस्था हो । नाफा आर्जन गर्ने उद्देश्य नभएको संस्था हो । यो रौतहटमा दर्ता भएको छ । हामी विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग मिलेर पनि काम गर्छौं ।

**० अहिले प्रदेश २ सरकारले बेटी बचाऊ, बेटी पढाऊ अभियान, छोरी बिमा कार्यक्रम संचालन गरेको छ यो कार्यक्रम कत्तिको प्रभावकारी देख्नुहुन्छ ?**

– कुनैपनि नारा होस् वा कुनैपनि योजनाको विषयमा हामी रिजल्ट चाँडै निकाल्छौं । आज लागू गरेको योजनाले त्यसको एक महिनामा परिणाम दिने त होइन । त्यो योजना भित्र सरकारले कसरी काम गरिरहेको छ म त्यो भित्र जान चाहन्न तर बेटी बचाऊ, बेटी पढाउ कार्यक्रम अन्तर्गत सरकारले साइकल मात्र वितरण गरेको छ भने त्यो पनि र महिलाको लागि लगानी गरेको हो नि । गाउँमा पढ्न विद्यालय नभएर पढ्न नपाइरहेका छोरीले साईकल भएपछि अर्को गाउँमा विद्यालयमा गएर भएपनि त पढ्न सक्छ नि । साईकल वितरण गर्नुलाई नराम्रो भन्न मिल्दैन ।

**० तपाईहरूले जनावरको सुरक्षाको सवालमा पनि काम गर्नुभएको छ । नेपालमा पशु बली प्रथालाई कसरी रोक्न सकिएला ?**

– पशुमाथि हुने निर्दयतामाथि मलाई पहिलेदेखि नै दया लाएर आउँथ्यो । यो पृथ्वी हामी मानवका लागि मात्र होइन । जतिपनि जीवजन्तुहरू छन् सबैको लागि हो । त्यो अनुरूप हामी पशु कल्याणमा काम पनि गरिरहेका छौं । धर्मको नाममा पशुलाई मारिनुहुँदैन भन्ने हाम्रो सिद्धान्त हो । हामी विभिन्न विद्यालयमा गएर बालबालिकासँग कुरा गर्छौं र भेज खानाबाट शरीरलाई कसरी फाइदा हुन्छ त्यो विषयमा जानकारी गराउँछौं । प्रयासमा छौं एकैचोटि सबै कुरा निर्मूल हुँदैन । पशु अधिकारकै विषयमा कुरा गर्ने समय भइसकेको छैन । अहिले पशु कल्याण सवालहरू उठाउँदै आएका छौं ।

**० तपाईहरूले धार्मिक आधारमा हुने बलि प्रथालाई रोक्नुपर्छ भन्नुहुन्छ यसले गर्दा धार्मिक आस्थामा प्रभाव पर्छ नि ?**

– हिन्दू धर्मको चारवटा वेदमा हेर्दा त्यहाँ कतैपनि बलीको विषय उठाइएको छैन । भोलि कसैले वेदमा आफ्नो केही विचार राखेर अर्को पुस्तक निकालन सक्छ त्यसमा हामीले सरोकार राख्न भएन । वास्तविकता के छ त भनेर बुझ्न जरूरी छ । कुनै धर्मले बली दिनुपर्छ भनेको छैन ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# भारतलाई गाली गर्दा राष्ट्रवादी भइन्छ भन्ने भ्रम छ



उमाशंकर अरगरिया

केन्द्रीय कार्यसमितीको बैठकमा विभिन्न प्रदेश अध्यक्षहरूसँग रिर्पोटिङ लिने काम भयो । पार्टी विधान निर्माण गरी नियमावलीलाई विस्तृत रूपमा प्रस्तुत गरेका छौं । अहिलेसम्म गरिएका निर्णयहरूको अनुगमन गऱ्यौं । काठमाडौंमा पार्टीको भवन बन्ने प्रक्रियामा छ र त्यस विषयमा छलफल गऱ्यौं ।

कांग्रेसले अहिलेसम्म संवैधानिक प्रजातन्त्रको नारा लगाइरहेको छ । वास्तवमा यो देशलाई समृद्ध यो नाराले बनाउँदैन । देशलाई विकास गर्नका लागि समाजवादको प्रक्रिया आवश्यक छ । अहिलेसम्म पार्टीहरूले पटक-पटक सरकार कसरी टिकाउने भन्ने बारेमा मात्र सोचेको पाइन्छ । आर्य खस समुदायको शासक वर्गको सेरोफेरो भित्र सरकार निर्माण गरी त्यसलाई कसरी लामो समयसम्म टिकाउने भन्नेमा मात्र अहिलेसम्मको सरकार सिमित छ । यो सिस्टमलाई बदल्नका लागि र विकासशील देश निर्माणको प्रक्रियामा अगाडि बढ्नका लागि कार्यकारिणी राष्ट्रपति हुनुपर्दछ र त्यसलाई मतदान गर्ने अधिकार आम जनतामा हुनुपर्दछ भनेका छौं । अहिलेको चुनाव प्रणाली एकदमै महँगो छ, करोडौं करोड खर्च गरेर चुनाव जितेर आएका नेताले देशमा भ्रष्टाचार रोक्छु भन्ने कुरा व्यवहारमा लागू गर्न सकिदैन । पूर्ण समानुपातिक निर्वाचन प्रणाली हुनुपर्दछ भन्ने विषयमा हामी निष्कर्षमा पुगेका छौं ।

सरकारले धेरैजसो राम्रै काम गरेको छ तर यो दुई तिहाईको सरकार दुई तरिकाबाट अगाडि बढ्नुपर्ने थियो । तर त्यो तरिकाबाट अगाडि बढ्न सकेन । हाम्रो केन्द्रीय परिषद्को बैठकमा सरकारको कामकारवाहीको विषयमा समीक्षा भएको थियो । परिषद्का अध्यक्ष डा. बाबुराम भट्टराईले अहिलेसम्मको राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । त्यसमा पनि सरकारले शान्ति, सुरक्षा राम्रोसँग निर्वाह गर्ने नसकेको विषय उल्लेख गर्नुभएको छ । त्यो राजनीतिक प्रतिवेदनमा पार्टीमा संगठन निर्माण कसरी गर्ने, संगठन कसरी संचालन गर्ने, विभिन्न पार्टीहरूसँग र अन्तर्राष्ट्रिय देशहरूसँग पार्टीको सम्बन्ध कस्तो बनाउने भन्ने विषयहरू समेटेर राजनीतिक प्रतिवेदन तयार भएको छ । निर्मला पन्त प्रकरण यत्तिकै सेलाएर गएको छ । दोषीलाई कारबाही गर्न सरकार असफल भएको देखियो । बाइडवडी काण्ड त्यस्तै भयो । बालुवाटार जग्गा प्रकरणमा पनि त्यस्तै अवस्था देखिएको छ । आम जनताले चासोका साथ हेरिरहेको राष्ट्रिय राजनीतिमै प्रभाव पार्ने घटनाहरू यत्तिकै सेलाएर जानुले पनि यो सरकारप्रति जनताको विश्वास घटेको हामीले पाएका छौं । हामी पनि सरकारमा छौं । सरकारमै बसेर सरकारकै आलोचना गर्दै पनि आएका छौं । यो एउटा प्रजातान्त्रिक अभ्यासमा मात्र हुन्छ ।

हामी दुई बुँदे सहमति गरेर सरकारलाई दुई तिहाई बहुमत प्राप्त बनाउन सरकारमा सहभागी भएका हौं । हामी अहिलेको अवस्थामा सरकारबाट बाहिरिन्छौं भने दुई तिहाईको सरकार टुट्छ । प्रधानमन्त्रीले समय सापेक्ष रूपमा संविधानको संशोधन गर्छु भन्दै आउनु भएको छ तर सरकार गठन भएको २ वर्ष भन्दा बढी समय भइसक्दा पनि संशोधनको कुनै पनि प्रक्रिया अगाडि बढेको छैन । एक्कासी सरकार छाडेर सरकारलाई कमजोर बनाउनु पनि देश र राष्ट्रको निम्ति राम्रो हुँदैन । प्रधानमन्त्रीको स्वास्थ्यमा अल्लि सुधार भएपछि हामी प्रधानमन्त्रीसँग ठोस रूपमा छलफल गरेर अगाडि बढ्छौं । तत्काले समाजवादी पार्टी सरकारबाट बाहिरिने मनस्थितिमा छैन ।

त्यस्तो हुन हामी दिँदनौं । अहिलेसम्म जतिपनि विधेयक पास भएका छन् सबैमा आदिवासी जनजाति, महिला र मधेशीको बराबर अधिकार लिएर हामी अगाडि बढिरहेका छौं । कुनै विधेयकमा संघीय सरकारको नियत खराब भएको छ । जस्तै प्रदेश २ को प्रहरी विधेयक, नागरिकता विधेयक । यी विधेयकको विषयमा हामीले सरकारमा भएर पनि प्रतिपक्षको भूमिका निर्वाह गरेका छौं । सरकारमा भएर पनि सरकारले गरेका गल्तीहरूलाई औल्याउँदै हामी अगाडि बढिरहेका छौं । संविधान देशको मूल कानुन हो भने त्यसलाई संचालन गर्न अन्य विभिन्न कानुनहरूको आवश्यकता पर्छ । हामी ती अन्य कानुनहरूको निर्माणको चरणमा अहिले छौं । विधेयकहरू बनाउनको लागि संविधानले नै निश्चित समय तोकिदिएको छ । अहिले हामी त्यसकै काममा छौं । संघीयताको लडाँईमा हामीले लडेका छौं । यो उपलब्धीलाई रक्षा गर्दै हामी संविधान संशोधनको विषयमा अगाडि बढ्छौं ।

**छिमेकी मुलुकसँग राम्रो सम्बन्ध कायम राख्दै कुटनीतिक हिसाबले अहिले देखिएको विवादको समाधान गरिनुपर्छ । त्यहीं अवधारणा प्रधानमन्त्रीज्यूले बोलाउनु भएको सर्वदलीय बैठकमा हाम्रो परिषद्को अध्यक्ष डा. बाबुराम भट्टराईले कुरा राखिसक्नुभएको छ ।**

कांग्रेस र कम्युनिष्ट हामीसँग विचार मिल्ने पार्टी होइन । हामीसँग विचार मिल्ने दलसँग एकीकरण गर्नको लागि केन्द्रीय कमिटीले सर्वमतिले निर्णय गरेको छ । राजपा नेपालसँग एकीकरणको विषयमा सबैको सहमति जुटेको छ । राजपा नेपालसँग एकीकरणका लागि समाजवादी पार्टी सरकारबाट बाहिरिनुपर्ने भनेर पत्रपत्रिकामा समाचार छापिएछ । हामीले भनेका छौं कि राजपासँग एकीकरण भएकै दिन हामी सरकारबाट राजीनामा दिन्छौं । तर हामी सरकारमा सहभागी भएर पनि राजपा नेपालसँगको एकीरणमा कुनै फरक पर्दैन ।

हाम्रो पार्टीको धारणा स्पष्ट छ । हामी हाम्रो देशको कत्तिपनि भूमि मिच्न दिँदैनौं । सुगौली सन्धि भइसकेपछि त्यसपछिको सिमांकन हामीले मान्दै आएका छौं । छिमेकी मुलुकसँग राम्रो सम्बन्ध कायम राख्दै कुटनीतिक हिसाबले अहिले देखिएको विवादको समाधान गरिनुपर्छ । त्यही अवधारणा प्रधानमन्त्रीज्यूले बोलाउनु भएको सर्वदलीय बैठकमा हाम्रो परिषद्को अध्यक्ष डा. बाबुराम भट्टराईले कुरा राखिसक्नुभएको छ ।

पहिलेको नक्सामा कहाँ के छ भन्नुभन्दा पनि हामीसँग विभिन्न समयमा भएका सम्झौताहरू छ । त्यसको आधारमा भारतको सीमाना कहाँसम्म हो र नेपालको कहाँसम्म हो भनेर पत्ता लगाउन सकिहालिन्छ । एउटा कूटनीतिक मर्यादा र ठोस आधारमा प्रधानमन्त्रीले भारतसँग कुरा गर्नुपर्दछ र जतिसक्दो छिट्टो यो विवाद टुंगोमा पुऱ्याउनुपर्छ । हाम्रो भूभाग मिच्ने जो कोही भएपनि त्यो हाम्रो असल छिमेकी हुन सक्दैन । अहिलेसम्म भारतले असल छिमेकीमा हुने गुण देखाउँदै आएको छ । यो समस्या कूटनीतिक हिसाबबाटै समाधान हुन्छ भन्नेमा म विश्वस्त छु ।

यो जनताको बीचमा खोक्रो राष्ट्रवाद जागेको मात्र हो । यसरी समस्याको समाधान भेटिदैंन । यो समस्याको समाधान सरकारले गर्ने हो । कसैको पुत्ला जलाएर वा नक्सा जलाएर समस्याको समाधान हुँदैन । जिन्दावाद-मुर्दावाद गरेर यहाँकै जनताले दुःख पाउने हो । सरकारलाई दबाब दिनका लागि नारा जुलुस गरेको भए त्यो जायजै हुन सक्छ तर अहिलेको अवस्थामा भारतलाई गाली गर्दा राष्ट्रवादी भइन्छ भन्ने जुन भ्रम छ त्यो गलत हो । मधेशीहरू बिना तलब सीमामा बसेर आफ्नो भूमिको रक्षा गरिरहेका छन् । त्यसलाई राष्ट्रवाद भनिदैंन यहाँ । यो देशको लागि गलत अभ्यास हो । यसले छिमेकी मुलुकसँग सम्बन्ध बिग्रन सक्छ । छिमेकीसँग राम्रो सम्बन्ध बनाएर समस्याको समाधान गर्न तर्फ हामी अगाडि बढ्नुपर्छ ।

*(समाजवादी पार्टीका प्रमुख सचेतक अरगरियासँग गरिएको कुराकानीमा आधारित)*

# झापामा डिज्नेल्याण्ड बन्दै, एसियाकै नमूना हुने

बिर्तामोड । झापा जिल्लामा दक्षिण एसियाकै सबैभन्दा अत्याधुनिक फन पार्क बन्ने भएको छ । यो फन पार्क विश्व चर्चित डिज्ने पार्क जस्तो हुनेछ । दमक नगरपालिकामा १६ अर्ब रूपैयाँ लागतमा पार्क बनाइन लागेको जानकारी पार्कका लगानीकर्ता मध्येका एक अजेयराज सुमार्गीले दिए । चर्चित् उद्योगी तथा व्यवसायी सुमार्गीका अनुसार दमकको वडा नम्बर ८ बालुवाटारमा १२२ बिगाहा क्षेत्रफलमा फन पार्क बन्नेछ ।

पार्क निर्माण गर्ने समूहमा व्यवसायी सुमार्गीका साथै दमकका स्थानीय प्रतिष्ठित नेताहरू छन् । दमकका अग्रज नेताहरू गगन पुरी, प्रधानमन्त्री केपी शर्मा ओलीका स्वकीय सचिव इन्द्र भण्डारी, नेकपाका केन्द्रीय सदस्य देवेन्द्र दाहाल, प्रदेशका कानुन मन्त्री हिक्मत कार्की, नेकपाका युवा नेता गणेश बस्नेत लगायतको लगानीमा पार्क बन्न लागेको हो । नेताहरूले भने पार्कमा रकम लगानी नगरेर आफ्नो तथा आफन्तको नाममा रहेको जग्गा दिएर लगानी गर्न लागेका हुन् । 'यो पार्क अढाई वर्षमा बनिसक्नेछ'- व्यवसायी सुमार्गीले भने । उनका अनुसार पार्क निर्माणमा प्रदेश सरकारले पनि निश्चित प्रतिशत रकम लगानी गर्नेछ । पिपिपी मोडलमा सरकारी र निजी लगानीमा बन्न लागेको यो पहिलो फन पार्क हो ।

## मधेश अपडेट

### कपिलवस्तुका सीमास्तम्भहरू जीर्ण

इमरान खान, कपिलवस्तु । कपिलवस्तुका नेपाल–भारत सिमानाका अधिकांश सीमास्तम्भहरू जीर्ण अवस्थामा रहेका छन् । मर्मत सम्भारको कमी र सरोकारवाला निकायको मौनताका कारण जिल्लाको कृष्णनगर नगरपालिका क्षेत्रका बगही, भगवानपुर लगायतका दसगजाका सीमास्तम्भ जीर्ण अवस्थामा हुन पुगेका छन् । पटक-पटक सीमा विवादका कुरा उठ्छन् र केही दिनमै सेलाएर जान्छन् तर देशको सिमानालाई स्थिर राख्ने जंगेपिलरहरूको उचित मर्मत सम्भार नहुँदा सीमा क्षेत्र विवादित हुने गरेको स्थानीयहरू बताउँछन् । तराईको खुला सिमाना भारतसँग जोडिएकाले दुवै देशको समतल भूमिमा आवत-जावत हुने गरेको पाइन्छ । कतिपय ठाउँहरूमा घर नेपालमा र खेती भारतमा हुँदै गरेको थुप्रै उदाहरणहरू पनि रहेका छन् । तर, सीमास्तम्भले सीमा रेखालाई स्थायित्व दिएको छ । समतल भूमिको सीमामा अतिक्रमण हुने सम्भावना बढी हुने हुनाले पनि जंगेपिलरहरूको मर्मत हुनु आवश्यक छ । केही ठाउँमा ढलेका स्तम्भहरू समेत बनाउन सकिएको छैन । कपिलवस्तुको कृष्णनगर नगरपालिकाअर्न्तगत भिल्मीको पश्चिम र बगहीको पूर्वमा रहेको सीमास्तम्भ पिलर न. ५६४ (६४) जीर्ण हँदै गएको छ ।

### सामूहिक विबाह गराउने सांसदको घोषणा

राकेश यादव, रौतहट । रौतहट निर्वाचन क्षेत्र नम्बर १ क बाट निर्वाचित प्रदेशसभा सदस्य बाबूलाल साहले चालू आर्थिक वर्षमा आफ्नो संसदीय विकास कोषको रकमबाट गरीब, आर्थिक अवस्था कमजोर भएका दलित, मुस्लिम, आदिवासी, जनजाति, मधेशीको छोरीको सामूहिक विपाह गराउने घोषणा गरेका छन् । मंगलबार रौतहट जिल्लाको गौरमा संचारकर्मीहरूसँग कुरा गर्दै नयाँ भिजन नया सोचले विकास निर्माणको कार्य गर्ने लक्ष्य लिएको बताए । गएको आर्थिक वर्षमा गौर नगरपालिका क्षेत्रमा जडान गरिएको शुद्ध खानेपानी टयांकी बतानुकूलित फिलटरले ठूलो लोकप्रियता कमाएको प्रति हर्षित हुँदै प्रदेश सांसद साहले यसपाली शिक्षा, स्वास्थ्य, खानेपानी योजना विस्तार, भौतिक पूर्वाधारको क्षेत्रमा कार्य गर्ने योजना बनाएको खुलासा गरे ।

### लुम्बिनीमा त्रिपिटक च्यान्टिङ

रूपन्देही । बुद्ध जन्मस्थल लुम्बिनीमा दोस्रो अन्तर्राष्ट्रियस्तरको त्रिपिटक वाचन (च्यान्टिङ) सुरू भएको छ । लुम्बिनीको पवित्रता र आध्यात्मिकता उजागर गरी शान्ति र भातृत्वको सन्देश फैलाउन पाठ सुरू गरिएको होर । लुम्बिनीस्थित पुण्य बगैंचा रहेको मायादेवी मन्दिर छेउको उत्तरतिर बिहीबारदेखि त्रिपिटक बाचन सुरू गरिएको हो । कम्बोडिया, कोरिया र म्यान्मारका भिक्षुले अभिधम्म पिटक वाचनको नेतृत्व गर्दैछन् भने थाई भिक्षुले विनयपिटक वाचन कार्यक्रमको नेतृत्व गरिरहेका छन् । कार्यक्रममा लाइट अफ बुद्धधर्म फाउन्डेसन इन्टरनेसनल अमेरिकाका अध्यक्ष वाङवो डिसेको नेतृत्वमा १ सय १९ विदेशी भिक्षु लुम्बिनीमा सहभागी जनाएका छन् । म्यानमार, भियतनाम, थाइल्यान्ड, श्रीलंका, मलेसिया, ब्राजिल, जापान र अमेरिकालगायत देशका भिक्षु, गुरूआमा, लामा, आनी तथा उपासक उपासिकाको सहभागिता रहेको छ ।

### कांग्रेसद्धारा ज्ञापनपत्र

कपिलवस्तु । कृषिमन्त्रीको गृह जिल्ला कपिलवस्तु भएपनि खेती गर्ने समयमा मलखाद्य किसानहरूले पाउन नसकेको भन्दै नेपाली कांग्रेस कपिलवस्तुले मलखाद्यको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएको छ । जिल्लामा मलको वितरण गर्ने निकाय कृषि साम्रगी कम्पनी लिमिटेडलाई पटक पटक किसानहरूको माग बमोजिम मलखाद्यको वितरण गर्न आग्रह गर्दा समेत लिमिटेडले मागको सुनुवाई नगरेको कारण प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाइएको हो । जिल्ला सचिव महेन्द्र कुमार पाठकद्वारा पेश गरिएको विज्ञप्तिमा तत्काल हिउँदे खेतीका लागी आवश्यक पर्ने युरिया, डिएपी, पोटास लगायतका रासायनिक मलहरू जिललाको किसानहरूको माग अनुसार वितरणको व्यवस्था मिलाउन माग गरिएको छ । तत्काल मलखादको व्यवस्थान नगरे पार्टीको तर्फबाट आन्दोलन गर्ने समेत पाठकले बताए ।

### शौचालय निर्माण प्राथमिकतामा : मेयर साह

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साहले उपमहानगरपालिका भित्रमा आफ्नै वडा कार्यालय तथा शौचालय निर्माण कार्य प्राथमिकता रहेको बताएका छन् । जनकपुरधाम उपमहानगरपालिका वडा नं. ६ को वडा कार्यालयको उद्घाटन समारोहमा मेयर साहले जनताको कामकार्य सहज र सुलभ किसिमले गर्नका लागि आफ्नै वडा कार्यालय र प्रत्येक वडामा डिलक्स शौचालय निर्मण गर्ने पहिलो लक्ष्य रहेको जिकिर गरेका छन् । वडा अध्यक्ष जगरनाथ साहको अध्यक्षतामा भएको समुद्घाटन समारोहमा मेयर साहले तत्काल ३० वटा शौचालय निर्माण गर्नुपर्नेछ । त्यसका लागि टेण्डर लागेको थियो । तर केही कारणवश निर्माण कार्य हुन नसकेको बताएका छन् । उद्घाटन कार्यक्रममा उपमेयर रिता कुमारी मिश्र, गौ संरक्षण मञ्चका अध्यक्ष जगदीश महासेठ सहितका व्यक्तिहरूले आफ्ना विचार राखेका थिए । वडा कार्यालय ६ धूर जग्गामा ३ वटा कोठा, बाथरूम रहेको छ ।

### भारतका गृहमन्त्री र मुख्यमन्त्रीलाई निमन्त्रणा

जनकपुरधाम । यस वर्षको विवाहपञ्चमीमा भारतीय गृहमन्त्री अमित शाह र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई निमन्त्रणा पठाइएको छ । भगवान राम र सीताको विवाह भएको दिनको स्मरणमा मनाइने विवाहपञ्चमीका दिन भारतको उत्तर प्रदेशस्थित अयोध्याबाट जन्तीको रूपमा भारतीयहरू आउने गर्छन् । गत वर्ष मात्रै भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ जनकपुरधाम आएका थिए । विवाहपञ्चमीमा जनकपुर आउन नेपालका राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री केपी शर्मा ओलीलाई पनि निमन्त्रणा दिइसकिएको छ । जानकी मन्दिरमा प्रत्येक बर्ष भव्यताका साथ विवाहपञ्चमी मनाइने गरिन्छ ।




बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं ।

मटिहानी नगरपालिका
महोत्तरी

# राष्ट्रवादको आवरणमा भारतलाई बदनाम गरिँदै



डा. रामदेव पंडित

क्रान्ति, समृद्धि, जनता र लोकतन्त्रजस्ता शब्दको गहना भिरेर हिँड्ने आजका कथित नेताहरूले जंगबहादुरले सिमानामा गाडेको खम्बासम्म जोगाउने क्षमता पनि देखिएन, किन ? कालापानी प्रकरणले सचेत नेपालीलाई आफ्नो इतिहास स्मरण गर्न बाध्य तुल्याएको छ ।

दक्षिणी सिमानाका रक्षक मधेशीहरूले भारतसँगको रोटीबेटीको संवेदनशील सम्बन्धलाई बिर्सेको छैन । दक्षिणी सीमाका वीर रक्षक मधेशीहरू चाहन्छन् कि सीमा विवाद कूटनीतिक सम्वादबाट हल गरिनुपर्छ तर सीमा रक्षामा प्राचीन इतिहासको व्याज खान पल्केकाहरू, होली वाइनमा बिक्नेहरू आज चुनावको मुखमा फेरी दलालहरू, राष्ट्रवादीहरू नारा घन्काईरहेका छन् । मधेशीहरूलाई गोली ठोकेर, खस पहाडिया अहंकारवादले दुई तिहाईमा चढेका आजका कमाउनिष्टहरू भारतको विरोध गर्नु नै आफ्नो धर्म ठान्दछन् । भारतलाई गाली गरेर पहाडिया जनमत बनाउन यी पात्रहरू पल्केका छन् भन्दा अतिश्योक्ति नहोला ।

चारपटक प्रधानमन्त्री बनेका शेरबहादुर देउवा र दुईपटक बनेका प्रचण्ड तथा माधवकुमार नेपाल, झलनाथ खनाल र बाबुराम भट्टराईहरूले कालापानीमा सीमा मिचियो भन्दै अहिले गोहीको आँसु बगाउनुको कुनै अर्थ छैन । यसै साता मात्र कालापानी समस्या सृष्टि भएझैँ गरी न्वारानदेखिको बल लगाएर चिच्याएको पनि कम्तीमा उल्लिखित पात्रहरूलाई सुहाएको किन छैन भने उनीहरू सत्तामा रहँदा के हेरेर बसेका थिए ?

५८ वर्षअघि चीन र भारतबीच युद्ध भएका बेला रणनीतिक महत्वको कालापानीमा भारतीय सेनाले अस्थायी मुकाम खडा गरेको थियो । त्यसबेला जुनसुकै कारणले सैन्य शिविर स्थापना गरिएको भए पनि युद्ध अन्त्यपछि नेपालमा बनेका कुनै पनि सरकारलाई कूटनीतिक तवरमा सीमा समस्या सुल्झाउने अवसर र जिम्मेवारी प्राप्त भएको थियो । त्यसैले प्रश्न उठ्छ, यसअघिका सरकार र प्रधानमन्त्री कालापानीबारे किन मौन बसेका थिए ? कहाँ थिए यी आजका कमाउनिष्टहरू ? कहाँ सुतेको थियो आजका राष्ट्रवादी युवा जोस ? जसले लैनचौरको चौकमा विरोध गर्नु र पुत्ला जलाउनुलाई नै राष्ट्रिवादी उदघोष मान्दछ, उसको शिर हात्तीसारको विस्तारवादी बाउको अगाडि किन नतमस्तक हुन्छ?

चीन ठूलो दाई होइन सादा बाउ (फादर)को व्यवहारमा प्रस्तुत हुँदै आएको छ । सन् १७९२ को टिबेटो-नेप्लिज ट्रिटिमा स्पष्ट उल्लेख गरिएको छ कि चीन नेपालको बाउ (फादर) मानिनेछ । सन् १८७० सम्म चीनले नेपाली राजालाई (वाङ्ग उपाधि दिएर) चिनियाँ सम्राटको एक सहायक सेनापतिको रूपमा मात्र गनेका थिए । यी घट्नाक्रमलाई सहज रूपमा लिनु सरासर गलत हुनेछ । चीनको त्यो बाउ चरित्रको अहंकारको शृङ्खलालाई कदापि पनि नजर अन्दाज गरेर सेतो छाला र शक्तिको अगाडि कुनै पनि सर्तमा आफूलाई नतमस्तक गराउनु घातक सावित हुनेछ ।

वास्तवमा भूमि अतिक्रमणमा चीन भारत भन्दा ठूलो विस्तारवादी र साम्राज्यवादी हो । चीनले ताइवान, हंकङ्ग, भियतनाम, जापान आदि सबै छिमेकी भूमिलाई अतिक्रमण गर्दै दादागिरी जमाएको तथ्य जग जाहेर छ । पाखण्डी राष्ट्रवादीहरू यस तथ्यबाट किन बेखबर छ ।

**नेपाली नेताहरू र साथै आजका राष्ट्रवादी युवाहरू साँच्चै सीमाको विवाद सुल्झाउन चाहन्छन् भने छिमेकीहरू प्रतिको पूर्वाग्रह छोडनुपर्छ । पुर्वाग्रही भएर भारतको मात्र विरोध र बदनाम गर्न छोड्नुपर्छ । होइन भने चीनको बलमिचाईको पनि खुलेर विरोध गर्नुपर्छ ।**

छिमेकी राष्ट्र चीनले नेपालको भूमिमाथि कब्जा गर्दासमेत नेपाल पक्षले अहिलेसम्म कुनै प्रतिक्रिया जनाएको छैन । चीनले नेपालको भूमि हडपेको तथ्य धेरै अघि नै सार्वजनिक भएको थियो । नेपाल-चीन सीमाको लम्बाइ एक हजार चार सय १४ किलोमिटर छ । पूर्व सिक्किम सीमादेखि पश्चिम लिपुलेकसम्म ६९ वटा सीमा स्तम्भ बनाइएका छन् । तीमध्ये सन् २००५ मा भएको सुपरीवेक्षणमा ३७, ३८, र ६२ नम्बरका स्तम्भ भेटिएका थिएनन् । ३७ र ३८ नम्बर स्तम्भ गोरखाको तोम खोलामा पर्छ । त्यहाँ सन् १९७८ मा सीमांकन हुँदैदेखि स्तम्भ भेटिएको थिएन । सोलुखुम्बुको नाम्पा भञ्ज्याङमा रहेको ६२ नम्बरको स्तम्भ पनि छैन । दोलखाको ५७ नम्बरको स्तम्भको हालत पनि त्यही छ । नेपालको शिर सगरमाथको उचाई घटेको देखाउने षड्यन्त्र पनि चिनियाँ पक्षबाटै भएको हो ।

तिब्बतमा सडक विस्तारको परियोजनाको माध्यमबाट नेपाली भूमिमा चीनले अधिकार जमाएको तथ्य सार्वजनिक भएको छ । चीनको तिब्बतसँगको सीमावर्ती खोला तथा नदीसँगै बनाएका भौतिक संरचनाको कटानका कारण नेपालले विभिन्न चार जिल्लामा ३६ हेक्टर जमीन गुमाउनु परेको तथ्यांक सार्वजनिक भएको छ । यो तथ्य अझै ठूलो हुनसक्ने अनुमान नेपालका सरकारी अधिकारीहरूले गरिएको छ । नेपालको कृषि मन्त्रालयको नापी शाखाले २०७२ सालमा गरेको अध्ययनमा हुम्ला, रसुवा, सिन्धुपाल्चोक र संखुवासभा जिल्लाका ९ स्थानका ३६ हेक्टर जमीन चीनतर्फ पारिएको उल्लेख छ । मन्त्रालयको नापी शाखाले ०७२ जेठमा एक महिना लगाएर नेपाल-तिब्बत सीमा नदीको सीमांकन गरी नदी कटानको विवरण तयार पारेपनि ढीलो गरि हालै सार्वजनिक गरिएको छ । चीनले नदीको वहाव परिवर्तन गर्दै नेपाली भूभागमा पठाइ आफ्नो क्षेत्रमा भौतिक संरचना बनाएका कारण नेपाली भू-भागमा उसले आफ्नो अधिकार जमाएको अध्ययनहरूले देखाएको छ । सर्वेक्षणको क्रममा हुम्लाको भागदारे नदी क्षेत्रमा ६ हेक्टर र कर्णाली नदीको चार हेक्टर जमिनमा चीनले कब्जा जमाएको उल्लेख छ । त्यस्तै, रसुवाको सान्जेन नदी, भुरजंग नदी र जम्बुखोलाको ६ हेक्टर जमिन तिब्बतको केरूङ क्षेत्रमा परेको छ । सिन्धुपाल्चोकको खराने खोला र भोटेकोशी क्षेत्रका ११ हेक्टर जमिन तिब्बतको न्यालाम क्षेत्रमा परेका छन् । संखुवासभामा पनि ९ हेक्टर भूमि तिव्वती क्षेत्रमा निर्मित सडक परियोजनाको कारण चीनको भूभागमा परेको छ । साथै कामुखोला, अरूण नदी र सुम्जंग नदी पनि अहिले चीनको तिडगिस्यन काउन्टीमा परेको छ । चिनियाँ पक्षले तिव्वततर्फ निर्माण भइरहेको संरचनामा अरूण खोलाबाटै उत्खनन गरी ढुङगा गिट्टी वालुवा प्रयोग समेत गरेर नेपाली भूभागमा पहिरो जाने स्थिति बनाएको थियो । उत्तरी सीमा क्षेत्रमा सीमा अतिक्रमणको तथ्य सार्वजनिक भएपछि सरकारले सीमा जोडिएका जिल्लाहरू ताप्लेजुङ, सोलुखुम्बु, दोलखा, गोरखा, मनाङ, मुस्ताङ, डोल्पा, मुगु, हुम्ला र दार्चुलामा पनि सर्वेक्षणको हिम्मत गर्न सकिरहेको छैन । उक्त क्षेत्रमा पनि चीनले नेपाली भूमिमा कब्जा जमाएको आशंका अधिकारीहरूले गरेका छन् । स्रोतका अनुसार अरू सयौं हेक्टर भूमिमा चीनले अतिक्रमण गरेको हुनसक्ने बताइएको छ ।

तिब्बतले सीमा क्षेत्रमा सडक सन्जाल फिजाउँदै लगेको छ । सडक विस्तारका क्रममा तिव्वतका नदी, खोला नेपाल सीमाभित्र पसाउने अनि त्यसपछि नेपाली भूभागलाई चीनले तिब्बततर्फ पार्दै जान थालेको स्थानियहरूले गुनासो गरेका छन् । हुम्लाका स्थानीयदेखि संखुवासभाका स्थानीयसम्मको गुनासो यहि हो । सीमामा अलि चासो लिने स्थानीयलाई चीनियाँ सुरक्षाकर्मीले दुर्व्यहार गर्ने गरेको गुनासो पनि उनीहरूको छ । यहि अवस्था रहे सीमामा भौतिक संरचना निर्माणका नाममा अरू सयौं एकड नेपाली भूभाग तिब्बतमा सहजै गाभिने खतरा रहेको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ । नेपाली भूभाग आफ्नो पक्षमा पारेपछि चीनले ती ठाउँमा आफ्नो सुरक्षाकर्मीलाई तैनाथ गर्ने गरेको देखिएको छ । उत्तरतर्फको नेपाली भूमिको बारेमा नेपाल सरकारले गम्भिरतापूर्वक चासो दिएको पाइएको छैन न त नागरिक समाजले नै बोलेको छ । यसको फाइदा उठाउँदै चीन सरकारले अतिक्रमित क्षेत्रमा 'बोर्डर अब्जरभेशन पोष्ट अफ आर्म्ड पुलिस' तैनाथ गरिसकेको छ । उत्तरी क्षेत्रको सिमाना भौगोलिक विकटताले गर्दा प्रत्यक्ष निगरानी गर्न समस्या छ । कृषि मन्त्रालयको नेपाली भूभाग चीनमा गाभिएको रिपोर्टका आधारमा विभिन्न अन्तर्राष्ट्रिय समाचार संस्थाहरूले पनि समाचार प्रकाशित गरेका छन् । लफडा गर्ने बढी चीन, चीन भन्नेवित्तिकै भने सतर्क: मानौं चीन ठूल्दाई हो । अझै अहिलेका सत्ताधारीको चस्माबाट हेर्नेहरूले त चीन ३३ कोटी देवता नै भन्ठान्छन् ।

चीनले छाती खोलेर जतिनै सयोग गरेपनि नेपालप्रति जहिल्यै सशंकित रहँदै आएको बताउँछन् । चीन एउटै कुरा चाहन्छ, नेपाली भूमि चीन विरोधी गतिविधिका लागि प्रयोग नहोस् । त्यसैले फकाइरहनु उसको धर्म हो । चीनले नेपालको राजनीतिक र राजनीतिक संस्थाको कुटनीतिक पक्षलाई विश्वास गर्दैन साथै यहाँका कथित राष्ट्रवादीहरूलाई आफ्नो पक्षमा सदा प्रयोग गर्न उद्धत रहेको छ ।

नेपाली नेताहरू र साथै आजका राष्ट्रवादी युवाहरू साँच्चै सीमाको विवाद सुल्झाउन चाहन्छन् भने छिमेकीहरू प्रतिको पूर्वाग्रह छोडनुपर्छ । पुर्वाग्रही भएर भारतको मात्र विरोध र बदनाम गर्न छोड्नुपर्छ । होइन भने चीनको बलमिचाईको पनि खुलेर विरोध गर्नु पर्छ । सुमधुर सम्बन्ध बिगर्न छाडा भएर लाग्नु देशको बदनामीको कुरा पनि हो । पाखण्डी राष्ट्रवादले भारतको एकतर्फी विरोध गरेर समस्या झन विकराल बन्न सक्छ ।

नेपाल कम्युनिष्टहरूको मात्र देश होइन् यहाँ अन्य वादीहरूको पनि हो । नेपाल कार्यकर्ताहरूको देश मात्र होइन् । यहाँ जनता पनि छन् । नेपाललाई चीन भएर मात्र पुग्दैन, भारतको साथ पनि अपरिहार्य छ । एकतर्फी भारतको पुर्वाग्रही विरोध गर्न छोडौं । दुवै देशबीचको विवादलाई कूटनीतिक संवादबाट हल गरेर सुम्धुर सम्बन्ध बनाएर बसे मात्र समृद्ध नेपाल खुसी नेपालको सपना साकार बन्न सक्छ ।


# सर्वसाधारणमा अनुरोध

विवाहमा लेनदेन गर्ने तथा दाइजोको कारण सताउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने भएकोले त्यस्ता अमानवीय काम नगरौं/नगराऔं । मञ्जुरीबिना भएको विवाह, हाडनातामा भएको विवाह, बालविवाह, बहुविवाह गर्नु/गराउनु अपराध हो । त्यसैले यस्ता क्रियाकलाप नगराऔं/नगरौं ।

भेदभाव, छुवाछूत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुने भएकोले कसैसँग यस्ता व्यवहार नगरौं ।

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

प्रदेश नं. २

जनकपुरधाम, धनुषा, नेपाल


## संक्षिप्त समाचार

### सरकारले पहल गर्न सकेन : देउवा

कैलाली । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सीमा विवाद समाधानका लागि प्रधानमन्त्रीले पहल गर्न नसकेको बताएका छन् । उनले कूटनीतिक र वार्ताको माध्यमद्वारा सीमा विवाद समाधान गनुपर्ने बताएका हुन् । उनले सरकाले राष्ट्रवादको नारा दिएपनि त्योअनुसार काम गर्न नसकेको आरोप लगाए । नेपाल प्रेस युनियन कञ्चनपुरले आयोजना गरेको पत्रकार सम्मेलनमा सभापति देउवाले सीमा विवाद समाधानका लागि सरकारले पहल गर्न नसकेको आरोप लगाए । पत्रकार सम्मेलनमा देउवाले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको भूमि भएको बताए । महाकाली सन्धिअनुसार महाकाली नदीको पानी आधा भारत र आधा नेपालको भएको उनको भनाइ थियो । भारतले महाकाली सन्धि कार्यान्वयन गर्नुपर्ने उनले बताए ।

### कांग्रेसका सांसद र अध्यक्षबीच कुटाकुट

वीरगंज । एका बिहानै नेपाली कांग्रेसका प्रदेशसभा सदस्य र नगर कमिटी अध्यक्षबीच चिया पसलमै कुटाकुट भएको छ । प्रदेशसभा सदस्यओमप्रकाश शर्मा र वीरगंज महानगरपालिका नगर कमिटिका अध्यक्ष भोला कलवार बीच कुटाकुट हुँदा दुवै जना घाइते भएका छन् । वीरगंजस्थित नगर सभा गृह टाउन हल सम्बन्धित विषयलाई लिएर विवाद हुँदा बुधबार बिहान दुवै नेता विच हात पात भएको प्रत्यक्षदर्शीले बताएका छन् ।

### सामाजिक संजाल चलाउने तालिम

धनगढी । सुदुरपश्चिम प्रदेश सभाका सदस्यहरूका लागि संचार सीप तथा सामाजिक संजालका विधि आयामसम्बन्धी तालिम आयोजना भएको छ । कैलालीको चिसापानीमा मंगलबारबाट सुरू भएको दुई दिने आवासीय तालिमको सुदुरपश्चिम प्रदेश सभाका सभामुख अर्जुनबहादुर थापाले उद्‍घाटन गरे । सो अवसरमा बोल्दै सभामुख थापाले जनप्रतिनिधि र राजनीतिकर्मीले सामाजिक संजाल चलाउन जान्नुपर्ने धारणा राख्दै संजाल चलाउन सिक्नका लागि लाज मान्न नहुने बताए । आजको समाजमा संचार र सामाजिक संजालबारे जान्न र बुझ्न सके जीवन सहज तरिकाले चलाउन सकिने उनले बताए । कार्यक्रममा प्रदेश सभाका नेपाली कांग्रेस संसदीय दलका नेता रणबहादुर रावल, नेकपाका वीरमान चौधरी, राजपाका कृष्णबहादुर चौधरीलगायतले पनि समाजिक संजालको महत्वबारे आफ्ना धारणा राखेका थिए ।

### क्षयरोग न्यूनीकरणको विशेष अभियान सुरू

नेपालगन्ज । पछिल्लो समयमा बाँकेमा क्षयरोगीको संख्यामा वृद्धि भईरहेको स्वास्थ्य कार्यालय बाँकेले जनाएको छ । जिल्लामा क्षयरोगका बिरामी बढ्न थालेपछि विभिन्न निकायको सहयोग र सहकार्यमा न्यूनीकरणको अभियान सुरू गरिएको सो कार्यलयका प्रमुखले जानकारी दिए । बाँकेमा ७८५ क्षयरोगका बिरामी रहेका छन् । तीमध्ये जिल्लाको खजुरा गाउँपलिकामा सबैभन्दा बढी बिरामी रहेका छन् । त्यसैगरी राप्तीसोनारी गाउँपालिकामा क्षयरोगका बिरामी सबैभन्दा कम रहेका छन् । क्षयरोगका बिरामी बढेसँगै नेपाल सिआरएस कम्पनीले सरकारी-नीजि साझेदारी कार्यक्रम अन्तर्गत बाँकेमा क्षयरोग न्युनीकरणको विशेष अभियान सुरू गरेको कम्पनीले जनाएको छ ।

### आगलागीमा ५६ खसी-बाखा जलेर मरे

पर्सा । पर्साको पटेर्वासुगौली गाउँपालिकामा आइतबार बिहान भएको आगलागीमा परी ठूलो संख्यामा चौपायाको मृत्यु भएको छ । गाउँपालिका-२ निवासी इदुमियाँ धुनियाको गोठमा भएको आगलागीमा ५६ खसी-बाखा र ५० वटाभन्दा बढी परेवा जलेर मरेका छन् । लामखुट्टे धपाउन बालिएको घूरबाट आगो सल्की आगलागी हुँदा ठूलो संख्यामा चौपायाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । आगलागीमा परी बाख्राका पाठा १८, पाठी २६, बाख्रा आठ, विदेशबाट ल्याएका उन्नत जातको बोका दुई र ५० वटा परेवा जलेर मृत्यु भएको हो ।

### चीनसँग पनि सीमा विवाद छ : निधि

रामेछाप । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले भारतसँग मात्र नभई चीनसँग पनि सीमा विवाद रहेको बताएका छन् । उनले अहिले राष्ट्रिय सहमति बनेको बेला सरकारदे दुवै देशसँग कुटनीतिक पहल गर्नुपर्ने सुझाव दिएका छन् । प्रेस युनियन रामेछापले आइतबार मन्थलीमा आयोजना गरेको पत्रकार भेटघाट यस्तो कुरा बताएका हुन् । यो समस्या सडकमा उफ्रिएर वा नारा लगाएर समाधान नहुने बताउँदै कूटनीतिक हिसाबले समाधान गर्नुपर्ने बताए ।

### लेखासम्बन्धी तालिम सुरू

बाँके । नेपालगन्जमा १० दिने आधारभूत लेखा सम्बन्धी तालिम सुरू भएको छ । युकेएड सीपको आर्थिक सहयोगमा रोजगारी प्रालि सर्भिसेस तथा मानसले आयोजना गरेको तालिममा १० जना युवक तथा १० जना युवती सहभागी छन् । प्रदेश नम्बर २ र ५ का दुई हजार युवायुवतीलाई रोजगारी प्रदान गर्ने उद्देश्यअन्तर्गत लेखा सम्बन्धी तालिममा नेपालगञ्जका युवाहरूलाई सहभागी गराइएको जनाएको छ । तालिम लगत्तै सबै २० जनालाई नेपालगञ्ज क्षेत्रमै रोजगारी समेत प्रदान गरिने छ ।

### कार्यवाहक वडाध्यक्ष रंगेहात पक्राउ

मोरङ । जिल्लाको जहदा गाउँपालिका-१ का कार्यवाहक वडाअध्यक्ष उमेशकुमार साह घुस लिँदालिँदै पक्राउ परेका छन् । मंगलबार साहलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग इटहरीको टोलीले वडा कार्यालय भित्रैबाट २१ हजार रूपैयाँ लिँदै गर्दा रंगेहात पक्राउ गरेको हो । सडक स्तरोन्नतिका लागि दुई लाख रूपैयाँको योजना सम्झौता गर्ने क्रममा साहले २१ हजार घुस मागेको आयोग इटहरीले जनाएको छ ।

### चिनियाँ राष्ट्रपतिको पुतला दहन

भैरहवा । नेपालको भूमि अतिक्रमणको विरोध गर्दै भैरहवाका स्थानीय युवाहरूले चिनियाँ राष्ट्रपति सी चीन फिङको पुत्ला दहन गरेका छन् । उनीहरूले चीनले नेपाली भूमि मिचेको तथा सगरमाथाको सीमाना हडपेको आरोप लगाउँदै चिनियाँ राष्ट्रपतिको पुत्ला जलाएका हुन् ।'गो ब्याक चाइना प्रेसिडेन्ट, नेपाली भूमि फिर्ता गर लगायतका प्ले कार्ड बोकेर उनीहरू प्रदर्शनमा उत्रिएका थिए ।

### शीपलाई रोजगारमुखि बनाउन आह्वान

वीरगन्ज । वीरगन्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले तालिमबाट लिएको शिपलाई रोजगारमुखि बनाउन अनुरोध गरेका छन् । उनले तालिम लिएपछि त्यसलाई अनिवार्य रूपमा रोजगारमुखी बनाउँदै परिवारको आर्थिक श्रोतको रूपमा प्रयोग गर्न युवाहरूलाई अनुरोध गरे । वीरगन्ज सृजनशील व्यवसाय तालिम केन्द्रले आयोजना गरेको प्रमाण पत्र बितरण कार्यक्रममा बोल्दै नगर प्रमुख सरावगीले यस्तो धारणा व्यक्त गरेका हुन् । उनले तालिमबाट प्राप्त प्राविधिक शिपको गुणात्मक विकासले मात्र युवाहरूमा रहेको बेरोजगारीलाई न्यूनीकरण गर्न सकिने धारणा समेत व्यक्त गरे ।

### चौपायासहित छ जना पक्राउ

रूपन्देही । रूपन्देही जिल्लाको देवदह नगरपालिका ९ स्थित घोडाहा ईलाकाबाट एपीएफ टोलीले करिव २३ लाख ७३ हजार रूपैयाँ बराबरको चौपायासहित छ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिका ९ बस्ने ४३ वर्षिय प्रेम पण्डित, काठमाडौं जिल्लाको नागार्जुन नगरपालिका ७ भिम ढुङ्गा बस्ने ३३ वर्षिय उमेश खत्री, दाङ्ग जिल्लाको गढवा गाँउपालिका ५ बस्ने २५ वर्षिय अभिषेक यादव, बाँके जिल्लाको राप्ती सोनारी गाँउपालिका २ बस्ने ३४ वर्षिय ईश्वर पाण्डे, सोही गाँउपालिका १५ बस्ने १९ वर्षिय दिलिप सुनाखर र १८ वर्षिय राजु सुनाखर छन् ।

### दुई थान पस्तोलसहित मिया पक्राउ

सिरहा । कल्याणपुर नगरपालिका-२ चतरीघाटबाट स्वचालित पेस्तोल २ थान र खाली म्यागिजन २ थान सहित सोही नगरपालिका(३ बस्ने २१ वर्षीय अहमद मियालाई बुधबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले शंका लागि जाँच गर्ने क्रममा ७ एमएम र ९ एमएम गरी २ थान स्वचालित पेस्तोल र सोही पेस्तोलमा लाग्ने म्यागिजन २ थान सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# कार्यालय प्रमुख महिनौंदेखि गायब, सेवाग्राही मर्कामा

**राकेश यादव**

रौतहट । भूमि सुधार तथा मालपोत कार्यालय रौतहटका प्रमुख सीताराम थापा महिनौंदेखि कार्यालयमा नआएको कारण सेवाग्राहीहरूको कामकाज प्रभावित भएको छ । बडा दशैंको बेला घर गएका प्रमुख थापा हालसम्म कार्यालयमा उपस्थित हुन नसकेको कारण दैनिकी मुद्दा मामिला तथा जग्गा रजिस्ट्रेशनको काम काज प्रभावित भएका छन् ।

कार्यालय प्रमुख नहुँदा निवेदनसम्म दर्ताको काम भैरहेको छैन भने रजिस्ट्रेशन, नामसारी, मोहिसम्बन्धी मुद्दाको प्रभावित भएको सेवाग्राहीहरूले बताएका छन् । महिनौं दिनसम्म घर बस्ने कार्यालय प्रमुखलाई विभागीय कार्यवाही गरिनु पर्ने सेवाग्राहीहरूले जोडदार रूपमा माग गरेका छन् । टाढाबाट रकम खर्च गरेर कार्यालय आउने सेवाग्राहीलाइ विना कामकाज फिर्ता हुनुपर्ने बाध्यता रहेको छ ।

अहिलेसम्म यस्तो गैर जिम्मेवार र आफ्नो दायित्व नबुझ्ने हाकिम रौतहटमा नआएको टिप्पणी स्थानीयहरूले गर्न थालेका छन् । कार्यालय प्रमुखले समयमा कार्यालय आउनु पर्नेमा गैरजिम्मेवारीपना देखाउने कार्यालय प्रमुख थापाले सरूवा गरेर नयाँ जिम्मेवारी बुझ्ने र जनताको काम काज छिटो छरितो गर्ने खालका प्रमुख पठाउन सम्बन्धित निकाय सित स्थानीयले माग समेत गरेका छन् ।

हाजिर भएदेखि नियमित रूपमा कार्यालयमा उपस्थित नहुने कार्यालय प्रमुख थापाले राज्यको रकम समेत दुरूपयोग गरेको स्थानीयहरूको आरोप रहेका छन् । लेखापढी कानून व्यवसायीहरूले कार्यालय प्रमुख कार्यालयमा नआउँदा जनताको कामकाज प्रभावित भएको गुनासो गरेका छन् ।

सेवाग्राहीको गुनासो सुन्दा सुन्दै प्रमुख जिल्ला अधिकारी किरण थापा समेत आती सक्नु भएको अवस्था रहेका छन् । फोन बन्द गरेर घरमा बसेका प्रमुख थापाको गुनासो चरम सीमा नाघेका छन् ।

प्रमुख जिल्ला अधिकारी थापाले विभागमा अर्को कर्मचारी पठाउन अनुरोध समेत गरेको बताएका छन् । अर्को कर्मचारी पठाउनु पर्ने सम्बन्धित मन्त्रालयमा दबाब दिनु पर्ने सुझाव दिँदै प्रमुख जिल्ला अधिकारी थापाले दबाब भए छिट्टै मन्त्रालयले कर्मचारी व्यवस्थापन गर्न सकिने बताए ।

# मुख्यमन्त्री राउत र मुख्य न्यायाधिवक्ता झा अमेरिकामा सम्मानित



काठमाडौं । अमेरिका भ्रमणमा रहेका प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी र मुख्य न्यायाधिवक्ता दिपेन्द्र झालाई न्युयोर्क अल्बानी मधेशी समाजका संयोजक प्रशान्त साह एवं विजय चन्द्रले दोसल्ला ओढाई सम्मान गरेका छन् । मधेशका समसामयिक विसयमा विस्तृत छलफल हुनुको साथै मुख्यमन्त्री राउतले प्रदेश नम्बर २ मा आगामी दिनमा स्वास्थ्य, शिक्षा एवं पर्यटनमा लगानी गर्नका लागि अमेरिकामा छरिएर रहेका मधेशी समुदायलाई आव्हान गरे । पर्यटन वर्ष २०२० मा न्युयोर्क अल्बानी मधेशी समाजले मधेशमा पुर्याउन सक्ने सहयोगको बारेमा छलफल भएको छ ।

समाजका सदस्यहरूद्वारा मुख्यमन्त्री राउतसँग बेटी बचाऊ बेटी पढाउ बारेमा जिज्ञासा राख्दा अभियानले बालविवाह रोक्न तथा शिक्षामा छोरीको आकर्षण बढाउन विशेष भूमिका निर्वाह गर्ने विश्वास लिइएको बताए । साथै अभियानअन्तर्गत छोरी शिक्षा बीमा, साइकल वितरण, शौचालय निर्माण, सेनेटरी प्याड वितरण गरिने जस्ता कार्यक्रम रहेको बताए ।

मुख्यमन्त्री राउतले प्रवासी मधेशीले प्रदेश २ मा लगानी गर्दा २० वर्षसम्म करमा सहुलियत दिने वाचा गर्दा मुख्य न्यायाधिवक्ता झाले प्रदेश सरकारको तर्फबाट हुन सक्ने हरेक सहयोग गर्ने कुरा बताए । न्युयोर्क अल्बानी मधेशी समाजका संस्थापक सदस्य देवेन्द्र चंद्रबंशी, मुकेश झा एवं रतन मण्डलले चाडै नै प्रदेश नम्बर २ मा स्वास्था एवं शिक्षामा लगानी गर्ने योजना अगाडी बढाएको कुरा बताए ।

## एन्टामा अपराजिता

काठमाडौं । अमेरिकामा बस्ने तराईवासीको संस्था एशोशिएसन अफ नेपाली तराइयन इन अमेरिका (एन्टा) को नयाँ अध्यक्षमा अपराजिता झा निर्वाचित भएकी छन् । प्रदेश न २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको प्रमुख आतिथ्यतामा अमेरिकाको आयवा राज्यको राजधानी डे मोयनमा आइतबार सम्पन्न एन्टाको पाँचौ महाधिवेशनको अवसरमा नयाँ निर्वाचित केन्द्रीय कार्यसमितिको घोषणा गरिएको हो ।

नयाँ कार्यसमितिका लागि अपराजिता झा समूह र सुबोध मल्लिक समूहबीच प्रतिस्पर्धा भएको र नोभेम्बर १२ देखि १५ सम्म अनलाइन मतदान गरिएको नवनिर्वाचित अध्यक्ष झाले बताइन् ।

घोषित निर्वाचन परिणामअनुसार एन्टाको वरिष्ठ उपाध्यक्षमा इन्द्रदेव साहु, महासचिवमा धीरज चौधरी, उपाध्यक्ष ( अन्तर्राष्ट्रिय)मा अनिल द्विवेदी, उपाध्यक्ष (राष्ट्रिय)मा रणधीर शर्मा, कोषाध्यक्षमा मुकेश कर्ण र प्रवक्तामा मोहनकुमार यादव विजयी भएका छन् ।

यस्तै, संयुक्त सचिवमा विन्देश्वर साह र संयुक्त कोषाध्यक्षमा सन्तोष साह तथा केन्द्रीय सदस्यहरूमा मनिष सिंह, सुनैना चौधरी, कुशेश्वर मण्डल, खुसनानन्दन ठाकुर र प्रभात झा निर्वाचित भएका छन् । मतदानमा करिब चार सय मतदाताले भाग लिएको नवनिर्वाचित प्रवक्ता यादवले बताए । महाधिबेसनमा प्रदेश दुईकै मुख्य न्यायधिवक्ता दीपेन्द्र झा र मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले समेत विशिष्ट अतिथिको रूपमा सहभागिता जनाएका थिए ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com







## क्यान्सर

शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरुवा रोग होइन ।

क्यान्सर रोग चेतावनीका चिन्हहरू :

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनावारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

स्वास्थ्य कार्यालय,
काठमाडौं, टेकु


## स्थानीय सम्वाद

# पाँच वर्षभित्र रंगेलीको मुहार फेरिन्छ



**दिलीपकुमार अग्रवाल**
**मेयर, रंगेली नगरपालिका, मोरङ**

**मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिव २५ किलोमिटर पूर्व दक्षिण क्षेत्रमा अवस्थित रंगेली नगरपालिकालाई नेपाल सरकारको मिति २०७१।०१।२५ गतेको निणर्यानुसार रंगेली, आमगाछी र टकुवा समावेश गरी रंगेली नगरपालिकाको रूपमा घोषणा भई तत्पश्चात नेपाल सरकारको मिति २०७३।११।२७ को पुर्नसंरचनाको निर्णयानुसार साविक रंगेली, आमगाछी, बविया विर्ता र दर्बेशा गा.वि.सहरू समायोजन भई रंगेली नगरपालिकाको रूपमा कार्यान्वयन एक नगरपालिका हो ।**

**० जनप्रतिनिधिको रूपमा निर्वाचित भएको दुई वर्षभन्दा बढी समय भइसक्यो, जनताले स्थानीय सरकारको महसुस गरेका छन् ?**

– हामी जनप्रतिनिधिको रूपमा निर्वाचित भएर आएदेखि संघीय सरकारबाट हामीलाई जुन बजेट आउँछ त्यसले खासै ठूलो उपलब्धि ल्याउन सक्दैनौं । तर, पहिलाको भन्दा त विकासको अनुभूति जनताले गरेकै छन् । तर, हामीले विकास निर्माणका कामहरू गरिरहेकै छौं । मलाई लाग्छ पक्कै पनि हाम्रा जनताले स्थानीय सरकारको अनुभूति गरिरहेका छन् ।

**० उल्लेखनीय कार्यहरू के-के भयो त ?**

– हामी निर्वाचित भएर आइसकेपछि बाटोघाटो निर्माण, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेका छौं । कृषिमा भन्नुपर्दा हाम्रो नगरपालिका माछाजोन क्षेत्रमा परेको छ । यसमा केन्द्रीय सरकारले गरिरहेको छ । हामीले कृषिका लागि बोरिङ वितरण गरेका छौं । कृषिका लागि मात्रै खासै बजेट हामीलाई संघबाट आएको छैन । हामीसँग विकासे बजेट भनेर १५ करोड मात्र हुन्छ । शिक्षा क्षेत्रमा हामीले सामुदायिक विद्यालयमा सब इन्जिनियरको कक्षा सञ्चालन गराएका छौं । स्वास्थ्यको क्षेत्रमा संघीय सरकारले बजेट पठाउनुपर्ने हुन्छ । किनभने स्थानीय तहको बजेटले स्वास्थ्य क्षेत्रलाई भ्याउन सक्दैन ।

**० करिब दुई दशकदेखि स्थानीय तह जनप्रतिनिधिविहीन थियो, तपाइँहरू निर्वाचित भएर आउँदा जनताका अपेक्षा कस्तो पाउनुभयो ?**

– जनताको अपेक्षा यति ठूलो छ र बजेटको आकार यति सानो छ त्यसले गर्दा हामीले एकैचोटि पूरा गर्न सक्दैनौं । जनताको उच्च अपेक्षा हुनु स्वाभाविक हो । तर, हाम्रो बजेट र बलबुत्ताले भ्याएसम्म अपेक्षा कसरी पूरा गर्न सकिन्छ भन्नेतिर लागेका छौं ।

**० जनताको उच्च अपेक्षा रहँदा त्यसलाई पूरा गर्न कतिको चुनौती महसुस गर्नुभएको छ ?**

– जनप्रतिनिधि नहुँदा जनताका कामहरू गराउन कर्मचारीसँग कुरा गर्ने वातावरण एक खालको थियो भने अहिले जनप्रतिनिधिसँग कुरा वातावरण अर्को खालको छ । कुनै पनि सिफारिस जनताले आफ्ना प्रतिनिधिसँग अधिकार सम्झेर माग्छन् । यसले गर्दा यहाँ भ्रष्टाचारको शून्य सहनशीलता रहन्छ । पहिला जनताको सानोभन्दा सानो काम गराउन पनि धेरै अप्ठ्याराहरू थिए, अहिले धेरै सजिलो महसुस गरिरहेका छन् । जहाँसम्म चुनौतीका कुरा छन्, हामीले त्यसलाई स्वीकार गरेर नै जनप्रतिनिधिका लागि तयार भएका थियौं । हाम्रो पाँच वर्षको कार्यकाल सम्पन्न भएपछि हामीले जनताका लागि काम गर्न सके कि सकेनौं भन्ने कुराको मूल्यांकन जनता आफैले गर्नेछन् ।

**० यस वर्षको बजेटमा रंगेली नगरपालिकाको महत्वाकांक्षी योजनाहरू के-के छन् ?**

– यस वर्ष हामीले बाटोघाटो निर्माण, कोल्डस्टोर बनाउने लगायतका महत्वाकांक्षी योजनाहरू छन् । यहाँ वडा नं. ७ मा शहरी विकास मन्त्रालयले बनाउँछ, हुलाकी सडक आयोजनाभित्र दुई-दुई वटा टेन्डर परेको छ, अर्को नगरपालिकाले बनाउँछ । त्यस्तै, प्रदेश सरकारले पनि बहुवर्षीय योजनाअन्तर्गत सडकहरू निर्माणको कार्य प्रारम्भ गर्दैछ ।

**० सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो, यो नारा कतिको लागू भएको छ त ?**

– हामीले सिंहदरबारका अधिकांश अधिकारहरू पाएका छौं । तर, केही कुराको अधिकारहरू कटौती पनि भएको छ । संघीयतामा स्थानीय तहले कतिपय पाउनुपर्ने अधिकार अहिले पनि हामीले पाएका छैनौं । केही अधिकार यस्ता आएका छन् कि बजेटको अभावले स्थानीय तहले परिपालन नै गर्न सक्दैन । संघीयतामा एकैचोटि सबै कुरा पूरा भइहाल्छ भन्ने कुरा पनि छैन । अप्ठ्यारा कुराहरूलाई संघीय सरकारले विस्तारै संशोधन गर्दै लानुपर्छ । यस्ता कुराहरूलाई सुधार गर्न तीनै तहको सरकारबीच सहकार्य र समन्वय हुनुपर्छ ।

**० जनप्रतिनिधिलाई तलब दिनु गैरकानूनी हो भनेर अदालतले भनेको छ, यसलाई कसरी लिनुभएको छ ?**

– प्रदेश नं. १ को सरकारले कानून ल्याउँदा भत्ता सिस्टम गरेको थियो, जुन वैध ठहरियो । हामीले महिनाबारी भनेर तलब लिएकै थिएनौं । मैले पाउने भत्ता बैंकमा दाखिला गरेर राखेको छु । त्यो पैसाले मैले नगरपालिकाभरि एक सय १५ ठाउँमा वाइफाई जडान गर्दैछु । अब आउने मेरो भत्ताले जनतालाई वाइफाईको सुविधा दिने योजना अगाडि बढाएको छु ।

**० प्रदेश सरकारसँग कतिको सहकार्य हुन्छ त ?**

– प्रदेश सरकारसँग हाम्रो सहकार्य त भई नै रहेको हुन्छ । प्रदेशले पनि हामीलाई बेलाबखतमा बजेट दिइरहेकै हुन्छ । लगभग राम्रै भन्नुपर्छ ।

**० रंगेली नगरपालिकामा करको दायरा केकति छ ?**

– हामी जनप्रतिनिधिको रूपमा निर्वाचित भएर आइसकेपछि पहिलाको करमा पनि केही न केही घटाएकै छौं । हामीले करको नाउँमा एक रूपैयाँ पनि थपेका छैनौं । यहाँका जनता करबाट अलिकति पनि पीडित छैनन् । यहाँ केही पनि हामीले कर लगाएका छैनौं ।

**० तपाइँ आफ्नो कार्यकालभित्र रंगेली नगरपालिकालाई कस्तो बनाउने उद्देश्य राख्नुभएको छ ?**

– हामी निर्वाचित हुनुभन्दा पहिला नै यहाँबाट सदरमुकाम सरिसकेको थियो, त्यसलाई त फर्काउन सक्दिँन । तर, त्यो कम बजार व्यवस्थापन बनाउँदिन भन्ने मेरो अठोट छ । चुनावका बेला मैले रंगेली नगरपालिकाको मुहार फेर्छु भनेको थिएँ, पाँच वर्षभित्र पक्कै पनि मुहार फेर्छु ।

**० रंगेलीमा सबभन्दा बढी सम्भावना के छ ?**

– यहाँको सबभन्दा बढी आयस्रोत बढाउने सम्भावना भन्सार नाका नै हो । मैले संघीय सरकारसँग भन्सार नाका सुचारूका लागि प्रस्ताव गरेको छु । रंगेलीको सीमा छिमेकी मित्रराष्ट्र भारतसँग जोडिएकोले रंगेली भन्सार नाका खोलिदियो भने यहाँको आर्थिक वृद्धिमा ठूलो टेवा मिल्थ्यो । त्यसकारणले मैले वैकल्पिक भन्सार नाको रूपमा संघीय सरकारसमक्ष प्रस्ताव गरेको छु ।

## विश्व परिवेश

# आतंकवादसम्बन्धी अमेरिकी प्रतिवेदन : पाकिस्तान आत्तियो

- **मन्जुर अहमद**



अमेरिकी विदेश विभागले नोभेम्बर १, २०१९ का दिन सार्वजनिक गरेको सबभन्दा पछिल्लो वार्षिक प्रतिवेदन 'कन्ट्री रिपोर्ट अन टेरोरिज्म २०१८' मार्फत पाकिस्तानमाथि यो आरोप लागाएको छ कि एकातिर उसले अफगानिस्तानमा राजनीतिक सहमतिका लागि सहयोग गर्ने वाचा गरेको छ भने अर्कोतिर त्यसको ठीक विपरीत आतंकी गतिविधि संचालन गर्दै आएको पाकिस्तानस्थित रहेको सुरक्षित स्थालबाट समेत अफगान तालिवान र हकानी (नेटवर्ग) संगठनमाथि कुनै प्रतिबन्ध समेत लगाएको छैन। बरू अफगानिस्तानमा रहेको अमेरिकी तथा अफगानी सेनाहरूलाई तर्साउने नै गरेको छ। यस प्रतिवेदनले पाकिस्तानको आतंकवादी संगठनहरू -लश्कर-ए-तैयबा र जैश -ए-मोहम्मदले पाकिस्तानी निकायहरूको सहयोगमा भारतमाथि प्राय गर्दै आएको आकस्मिक आतंकवादी आक्रमणहरू सम्बन्धमा भारतले दिएको दिर्घकालीन अडान समेतको प्रशंसा गर्दै त्यसलाई प्रेरणादायी सन्दर्भको रूपमा लिएको छ। लश्कर-ए-तैयबा र जैश-ए-मोहम्मदले श्रृंखलाबद्ध रूपमा भारतमाथि आतंकवादी आक्रमण गरेका दृष्टान्तहरूमध्ये भारतको संसद भवनमाथिको आक्रमण रहेको थियो, जसमा थुप्रै निर्दोष जनतासँगै सुरक्षाकर्मीहरू समेत मारिएका थिए।

यो पनि उल्लेखनीय छ कि फ्रेबुअरी, २०१८ मा जैश-ए-मोहम्मदसँग सम्बद्ध विप्लवीहरूले जम्मु एण्ड कश्मीरस्थित सुनजुवान सेनाको शिविर माथि आक्रमण गरेर सात जना कर्मचारीको हत्या गरेको थियो। भारतले त्यस सम्बन्धी आधारभुत सबुतहरू प्रस्तुत गरेर दिएपनि त्यस्ता आक्रमणकारीहरू पाकिस्तानमा स्वतन्त्र रूपमा चलफिर गर्दै आएको छ। प्रतिवेदन मार्फत उग्रवादी संगठनहरू बारे स्पष्ट जानकारी दिइए पश्चात् पनि पाकिस्तान सरकारले ती संगठनमाथि प्रतिबन्ध लगाउनुको सट्टा तिनीहरूलाई पैसा संकलन गर्ने, कर्मचारी नियुक्त गर्ने र प्रशिक्षण दिने स्वीकृति समेत प्रदान गरी तिनीहरूसँग सम्बद्ध उम्मेदवारहरूलाई स्पष्ट रूपमा जुलाई, २०१८ को आम निर्वाचनमा प्रतिस्पर्धी उम्मेदवार बन्ने स्वीकृति दिएको छ।

अमेरिकी प्रतिवेदनमा पाकिस्तानले त्यसमाथि कुनै ध्यान नदिएर जुन, २०१९ मा 'ग्रे लिस्ट' मा राखेकाहरूमाथि समेत केही नगरी संयुक्त राष्ट्र सुरक्षा परिषद् र अलकायदा शासनमाथि लगाइएका प्रतिबन्ध समेतलाई फुकाउन पाकिस्तान असफल रहेको छ। त्यति मात्र नभएर पाकिस्तानबाट संकलन गर्ने धनराशी समेतबाट प्रतिबन्धित नगरी झन् धन संकलन गर्ने स्वीकृति दिएको छ। त्यस्ता संगठन तथा व्यक्तिहरूले झन् अर्थ संचय गरी धन संचय गर्ने कार्य निरन्तर रूपमा गर्दै आएको छ। त्यति मात्र नभएर सीमा क्षेत्रमा समेत आतंकवादीहरू खुलस्त रूपमा देशभरीबाट धन संचय गर्दै आएका छन्। अमेरिकी प्रतिवेदनमा आतंकवादी संगठनहरूले अल्पसंख्यक अहमदी समुदायहरूलाई सताउँदै आएको समेत उल्लेख गरिएको छ। हालै पंजाब प्रान्त स्थित ७० वर्ष पुरानो अल्पसंख्यक अहमदी समुदायद्वारा निर्मित मस्जिद अक्टोबर २५, २०१९ का दिन ध्वस्त पारेको उल्लेख गरिएको छ। 'अल पास्कितान हिन्दु राइट्स मुभेन्ट' द्वारा गरिएको निरीक्षणले विभाजनको बखत रहेको ४२८ हिन्दु मन्दिर अब समाप्त भई त्यसमध्ये २० वटा मात्र रहेको स्पष्ट पारेको छ। त्यस प्रतिवेदनमा आम नागरिकलाई समेत आतंकवादको आरोपमा सताउने पाकिस्तान सरकार सैनिक अदालतलाई दिएको स्वीकृति सम्बन्धमा समेत प्रश्न तेर्स्याएको छ। २०१७ को संविधान संशोधन पश्चात् नवीकरणको स्वीकृति पाएका त्यस्ता अदालतहरूले सन् २०१७ मा १५ जना र २०१८ मा आरोपित १०४ जना आतंकवादीहरूलाई मृत्युको सजाँय दिएको थियो। त्यस प्रतिवेदनको अन्तमा पाकिस्तान सरकार आतंकवाद सम्बन्धी प्रशिक्षण दिने संगठनहरू नष्ट पारेको उल्लेख गरेपनि त्यसो नभै यो संचालित नै रहेको समेत उल्लेख गरिएको छ। हुन त पाकिस्तानको वैदेशिक कार्यालयले नोभेम्बर ५, २०१९ का दिन अमेरिकी प्रतिवेदनको किटानलाई अस्वीकार गरेपनि आतंकवाद विरूद्धको तथ्य त्यसको विपरित रहेको छ।

अमेरिकी अन्तिम प्रतिवेदनले नोभेम्बर १, २०१९ मा जारी गरेको प्रतिवेदन मार्फत पाकिस्तानमाथि अर्को प्रहार गर्दै उल्लेख गरेको छ कि पाकिस्तानले अफगानिस्तानलाई अत्यन्त महत्वपूर्ण छिमेकी ठानेर त्यसप्रति महत्वपूर्ण सक्रिय भूमिका निर्वाह गर्दै आएको भनेपनि हर दृष्टिले दशकौंदेखि अफगान मामलामा त्यसको भूमिका हरेक दृष्टिकोणले नकारात्मक नै रहँदै आएको छ। त्यस प्रतिवेदनमा उल्लेख गरिएको छ कि पाकिस्तानको सुरक्षा निकायले भारतको रणनीतिक चतुर्दिक घेरामा दृष्टिले अफगान तालिबानलाई मित्रवत् र अफगानिस्तानमा भारतविरोधी तत्वलाई तुलनात्मक दृष्टिले मित्रवत् ठानेको छ। कंग्रेसनल रिसर्च सर्भिसको प्रतिवेदनमा हकानी संगठनले पाकिस्तानको प्रत्यक्ष वा अप्रत्यक्ष सहयोगमा अधिकांश समय घुसपैठ गर्ने कार्यमा नै खर्चिदैं आएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो अगस्ट, २०१७ को वक्तव्य मार्फत पाकिस्तानले आतंकवादीहरूलाई संरक्षण दिँदै आएको आरोप लगाउँदै त्यसको फलस्वरूप अमेरिकी-प्रशासनले जनवरी, २०१८ मा पाकिस्तानलाई सुरक्षा सहयोगस्वरूप खरबौं डलर सहयोग गर्ने कार्य स्थगित गरेको छ भने अमेरिकी विदेश विभागले अप्रिल, २०१९ मा पाकिस्तानप्रति अविश्वसनीयता समेत प्रकट गरेको छ र सोही प्रतिवेदनले मध्य एशियामा भारतको कुटनीतिक र व्यवसायिक उपस्थिती अफगानिस्तानका लागि उपयोगी रहनुका साथै मध्य एशियाका लागि समेत हर दृष्टिले महत्वपूर्ण रहेको सार्वजनिक गरेको छ॥

*–एजेन्सीको सहयोगमा*

# स्थानीय पदाधिकारीको चीन भ्रमण बाक्लिँदै

काठमाडौं। तीन तहका सरकारको अभ्याससँगै पछिल्लो समय प्रदेश तथा स्थानीय सरकारका पदाधिकारीहरूको छिमेकी मुलुक चीनको भ्रमण गर्ने क्रम बाक्लिन थालेको छ।

खासगरी चीनका विभिन्न प्रान्त तथा नगरहरूबीच भगिनी सम्बन्धका नाममा भइरहेका यस्ता भ्रमणहरू फलदायी भइरहेको दाबी गरिए पनि ठोस नतीजा भने देखिएको छैन।

पछिल्लो समय चीनका विभिन्न प्रान्त तथा नगरहरूबाट नेपाल आउने चिनियाँ प्रतिनिधिहरूको संख्या पनि बढ्दै गएको देखिएको छ। गत महिना भएको चीनका राष्ट्रपतिको नेपाल भ्रमणको क्रममा बुटवल उपमहानगरपालिका र चीनको शियान नगरबीच भगिनी सम्बन्ध कायम हुनु अघि बुटवलका प्रमुख शिवराज सुवेदीले तीनपटक सम्म चीनको भ्रमण गरिसकेका छन्। त्यस्तै प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेल पनि त्यत्तिकै हाराहारीमा चीन पुगिसकेका छन्। यो प्रदेशका अरू नगरपालिकादेखि लिएर गाउँपालिकाका पदाधिकारीहरूको चीन भ्रमणको सिलसिला पनि बाक्लै देखिन्छ। केही महिना अघि चीनको गान्नान नगर पुगेर फर्केका सैनामैना नगरपालिकाका प्रमुख चित्रबहादुर कार्कीले त्यहाँबाट धेरै कुरा सिकेर फर्केको र अब ती सिकाइ सैनामैनामा लागू गर्ने दाबी गरे।

**बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,**
**शिक्षा दिएर असल नागरिक बनाऔं,**
**चर्पीमा मात्र दिसापिसाब गराऔं,**
**गाउँघरलाई सफा र स्वच्छ राखौं।**

**जलेश्वरनाथ नगरपालिका**
महोत्तरी

## पर्यटकीय स्थल पहिचानका लागि समिति

नेपालगन्ज। बाँकेमा पर्यटन बर्ष सन् २०२० लाई लक्षित गरी जिल्लामा गठित समितिले पहल थालेको छ। पर्यटन वर्षका लागि जिल्ला समन्वय समितिका संयोजक अजय श्रीवास्तवको संयोजकत्वमा गठित समितिले 'गन्तव्य बाँके'का लागि सम्भावित पर्यटकीय स्थलको पहिचानका लागि सोमबार समिति गठन गरेको हो। होटल व्यवसायी संघ बाँके नेपालगन्जका अध्यक्ष भीमलाल कंडेलले जिल्ला स्तरीय समितिले अब ठोस योजना बनाएर अगाडि बढ्ने निर्णय गर्दै त्यस तर्फ पहल सुरू गरेको जानकारी दिएका छन्। सोमबार भएको समितिको बैठकमा बाँकेमा पर्यटक भित्र्याउनका लागि कार्ययोजना र योजनाबद्ध ढंगले अगाडि बढ्नु पर्ने आवश्यकता औंल्याउँदै बाँकेमा पर्यटकीय गन्तव्य पहिचानका लागि तेज बिक्रम शाहको संयोजकत्वमा उपसमिति बनाएको हो। समितिको सदस्यमा सोम डेमनडौरा र मकबुल अहमद मुकेरी रहेका छन्।

**श्रमिकहरूको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानहरूले न्यूनतम् पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## धनुषामा मोटरसाइकल चोर पक्राउ

जनकपुरधाम। विभिन्न स्थानबाट चोरिएका ६ मोटरसाइकलसहित त्यसमा संलग्नको आरोपमा प्रहरीले धनुषाबाट ७ जनालाई पक्राउ गरेको छ। प्रहरीको विशेष टोलीले चोरिएका ज.५ प. ७१६३, ज.६ प. ५४६०, बा. ४७ प. ९९४३, ज. ९ प. ९०८, ज. ६प. ९७७५ र ज.७ प. ९८८१ नम्बरको मोटरसाइकल बरामद गरेको हो। त्यस्तै, चोरीमा संलग्नको आशंकामा ७ जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सबैला नगरपालिका-१ मुसहरी टोलका २५ वर्षीय काशिन्द्र सदा, शहीद नगरपालिका -२ का २० वर्षीय विजय यादव, विदेह नगरपालिका-२ बस्ने २० वर्षीय राजन यादव छन्। त्यस्तै, महोतरीको बर्दिबास-१३, भेडियाही बिजलपुराका २३ वर्षीय अरूण कुमार राउत, सोही स्थानका २२ वर्षीय सुनील कुमार चौधरी, १९ वर्षीय रामपुकार भण्डारी र महोत्तरीकै औरही नगरपालिका-३ का मनोजकुमार ठाकुर पनि मोटरसाइकलल चोरीको अभियोगमा पक्राउ परेको धनुषा प्रहरीले जनाएको छ। प्रहरीका अनुसार, पक्राउ सातै जनामाथि अनुसन्धान थालिएको छ।

## मधेश अपडेट

### सवारी धनिपूर्जा वितरण

वीरगन्ज। प्रदेश नं. २ मा रहेको एक मात्र महानगरपालिका वीरगन्जले शुक्रबारदेखि तीन पाङ्गे सवारी साधनहरूको रूटपरमिट सहितको सवारी धनिपूर्जा वितरण सुरू गरेको छ। महानगरपालिकाभित्र संचालन टेम्पु, इरिक्सा लगायत एक सय तीनपाङ्गे सवारी साधनहरूको प्रमाण वितरण गरेको हो। महानगरपालिकाले वितरण सुरू गरेको सवारी धनी प्रमाण पत्र नगर प्रमुख सरावगीले हस्तान्तरण गर्दै सुरू गरेका हुन्। महानगपालिकामा आयोजित एक कार्यक्रमका बीच नगर प्रमुख सरावगीले सवारीधनिलाई पूर्जा हस्तान्तरण गर्दै चालक अनुमति पत्र नभएका टेम्पु तथा इरिक्सा संचालन गरेको पाइए सवारी साधन नै जफ्त गर्ने चेतावनी दिए। संचारकर्मीहरूसँग कुरा गर्दै नगरप्रमुख सरावगीले स्थानिय तह संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकारलाई प्रयोग गर्दै महानगर भित्र संचालन हुने तीनपाङ्गे सवारी साधनको रूटपरमिट तथा सवारी धनीपूर्जा वितरण थालिएको बताए। उनले महानगरपालिकाले धनिपूर्जा र रूटपरमिट वितरण गर्न थालेपछि नगरक्षेत्रमा हुने सवारी जामको समस्या समेत समाधान हुने बताए। वीरगन्ज नगर क्षेत्रमा हुने सवारी जामको मुख्य कारण नै टेम्पु तथा इरिक्सा रहेकाले कहाँ कतिलाई अनुमति दिने कार्य योजना तयार भएकाले चाँडै जामको समस्या समाधान हुने नगर प्रमुख सरावगीले दावी गरे। महानगरपालिका भित्र हाल दुई हजारभन्दा बढी इरिक्सा र टेम्पु संचालित रहेका छन्।

### कपिलवस्तुलाई व्यवस्थित बनाइने

मणि प्रसाद गैह्रे, कपिलवस्तु। पश्चिम क्षेत्रको पुरानो शहर तथा ऐतिहासिक महत्व बोकेको कपिलवस्तुको सदरमुकाम तौलिवहवा क्षेत्रमा सडक व्यवस्था कमजोर भएको विषयप्रति नगरपालिकाले तत्काल समाधान गर्ने निर्णय गरेको छ। कपिलवस्तु नगरपालिकाले सडकको मापदण्डअनुसार तौलिहवा बजारको बाटो बिस्तार कार्य अघि बढाउने कार्यपालिकाबाट निर्णय नै गरेको छ। स्थानीय नेताको भोट र राजनीतिक दबाबको कारण सडक विस्तार रोकिदै आएको थियो। तत्कालीन प्रमुख जिल्ला अधिकारी बिनोद प्रकाश सिंहको कार्यकालमा सडकको जग्गा तथा नापेर भत्काउनु पर्ने घर तथा टहराहरूमा चिन्ह प्रदान गरेपनि तत्काल सो काम हुन सेकेको थिएन। वर्षौंदेखि रोकिएको बढ्दो जनसंख्याको चाप, सुठौली भन्सारको स्तरोन्नती र हुलाकी राजमार्गको निर्माण कार्य अघि बढेकाले तौलिहवा बजारको सडक विस्तार कार्य चाडै अघि बढाउन सम्बन्धित निकायलाई अनुरोध गर्ने नगरपालिकाले निर्णय गरेको हो। नगर कार्यपालिको बैठकले जमुहारदेखि नयाँटोल हुँदै तिलौराकोटसम्म र हुलाकी राजमार्गलाई सडकको मापदण्डअनुसार अघि बढाउन सम्बन्धित निकायमा अनुरोध गर्ने गरी निर्णय पारित भएको नगर प्रमुख किरण सिंहले बताए। पर्यटकीय नगरी तौलिहवामा वर्षौंदेखि सडक विस्तार कार्य अलपत्र छ, निकट भविष्यमा सवारी चाप समेत बढ्ने कारण तत्काल सो कार्य अगाडी बढाउने सिंहले बताए। सडक ऐन २०३४ अनुसार सहायक राजमार्गमा सडकको दायाँ बायाँ १५-१५ मिटर सडक क्षेत्रमा पर्छ। जमुहार- प्रशासन चोक नयाँटोल- भिक्षुचोक हुँदै तिलौराकोटसम्म सहायक राजमार्ग हो।

### युवक हत्या घटनाको चर्चा प्रदेशस्तरमा

महोत्तरी। महोत्तरीको एकडारा गाउँपालिका २ बेलाका एक युवकको हत्या भएको दुई महिना बितिसक्दासमेत अपराधी कारवाहीको दायरामा नआएपछि मानवअधिकारकर्मीहरू यस घटनाको चर्चा प्रदेशस्तरमा गरेका छन्। सिरहाको लहानमा प्रदेश १ र २ का दलित एवं गैरदलित मानवअधिकारकर्मी एवं समूदायको सहभागितामा आयोजित विश्वव्यापी आवधिक समिक्षा प्रतिवेदन तयारी कार्यशाला यी विषयको उठान भएको हो। सोही कार्यशालामा यी बाहेक दलित समूदायका भूमि र आवासको ब्यबस्था, सीप र सशक्तिकरण, छुवाछुत र विभेद अन्त्य हुनुपर्नेसहितको विषय उठान भएको थियो। कार्यक्रममा १८ बर्षीय युवक विकेश कुमार बैठाको हत्या सम्बन्धि मुद्धामा सुरक्षा निकायले दलितको घटना भएकोले संवेदनशिलता नदेखाएको हुन सक्ने विषय आफूले उठान गरेको मानवअधिकार पैरवी संजाल एकडाराका संयोजक सकिचन्द्र यादवले बताए। उनले दोषी पत्ता लगाउन नाराजुलससहित जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएपनि कुनै किसिमको संतोषजनक सूचना नआएपछि बाध्य भएर मानवअधिकारसँग सम्बन्धित ठाउँहरूमा आवाज उठाउन थालेको बताए। साझा आवाज परियोजना अन्तर्गत आयोजित यस कार्यशालाको उद्घाटन सत्रमा प्रदेश २ का आन्तरिक मामिला तथा कानून राज्यमन्त्री सरोज सिंह कुशवाहाको समेत उपस्थिति थियो।

### विकास विरोधी रणनीतिको नालीबेली

वीरगंज। सत्तानिकट केही स्थानीय नेताको राजनीतिक स्वार्थका कारण वीरगञ्ज-ठोरी हुलाकी मार्गअन्तर्गत निर्माणाधीन तिलावे पुलको काम अघि बढ्न सकेको छैन। तिलावे पुलको निर्माणका लागि पप्पु/लुम्बिनी जेभीबीच २०७३ असारमा सम्झौता भएको थियो। आयोजनाले म्याद थपका लागि पटकपटक सिफारिस गरे पनि राजनीकि दबाबका कारण रोकिएको बताइएको छ। तिलावेको म्याद थप नगर्नुको पछाडि पप्पु कन्स्ट्रक्सनका संस्थापक हरिनारायण रौनियारसँगको राजनीतिक पूर्वाग्रह मुख्य कारण भएको बताइएको छ। समाजवादी पार्टीका सांसद रहेका रौनियार पर्सा ३ नम्बर क्षेत्रबाट निर्वाचित भएका हुन्। कुनै पनि बाहानामा तिलावेको काम अघि बढ्न नदिने र त्यसको अपजसबाट रौनियारलाई राजनीतिक हानी पुर्‍याउन उनका राजनीतिक प्रतिस्पर्धीले सत्ता राजनीतिमा पहुँच पुर्‍याएर चलखेल गरिरहेको बुझिएको छ। तिलावे पुल हरिनारायण रौनियारको निर्वाचन क्षेत्रसहित पर्साका अधिकांश ग्रामीण क्षेत्रलाई सदरमुकाम वीरगञ्जसित जोड्ने मुख्य मार्गमा पर्दछ। सो पुल निर्माण कार्यमा बाधा उत्पन्न गराएर यथास्थितिमा राख्दा त्यसको अपजसले रौनियारलाई राजनीतिक हानी पुर्‍याउने रणनीतिअन्तर्गत म्याद थपमा आलटालका लागि निरन्तर दबाब आएको हुलाकीको उच्च स्रोतले बताएको।

### राजपाभित्र चुलियो विवाद

राकेश यादव, रौतहट। राष्ट्रिय जनता पार्टी नेपालको जिल्ला अधिवेशन हुनुभन्दा पूर्व रौतहटमा पार्टीभित्रै चरम विवाद चुलिएको छ। मङ्सिर ३ गते जिल्ला अधिवेशन गर्ने गरी केन्द्रीय कार्य समितिले सर्कुलेशन जारी गरे पनि जिल्लामा पार्टीका नेताहरूबीच आरोप प्रत्यारोप हुने कार्य शुरू भइसकेको छ। प्रतिनिधि सभा सदस्य, प्रदेशसभा सदस्य र स्थानीय सरकार प्रमुख तीन भागमा आफ्नो आफ्नो अडान लिएर अघि बढने गरेकोले छाताको ६ कमान तीन भागमा छिनिने सम्भावना बढेर गएको हो। राजपा नेपालका केन्द्रीय अध्यक्षमण्डलका सदस्य एवं रौतहट निर्वाचन क्षेत्र नम्बर १ का संघीय सांसद अनिल कुमार झाले आफ्नो घरमा बसेर पार्टीका सक्रीय कार्यकर्ता, वरिष्ठ जिल्ला उपाध्यक्ष समेतलाइ बाईपास गरी आफ्नो आसेपासेलाई जिल्ला अधिवेशन प्रतिनिधि बनाएको आरोप प्रदेशसभा सदस्य बाबूलाल साह समर्थक राजपाका ४ जना नेताले आरोप लगाएका छन्।

### महान्यायधिवक्ताद्वारा वार्षिक प्रतिवेदन पेस

कैलाली। सुदुरपश्चिम प्रदेशको महान्यायधिवक्ताको कार्यालयले प्रदेश प्रमुख शर्मिलाकुमारी पन्तसमक्ष आफ्नो वार्षिक प्रतिवेदन पेश गरेको छ। बुधबार प्रदेश प्रमुखको कार्यालयमा आयोजित कार्यक्रमका बीच महान्यायधिवक्ता कुलानन्द उपाध्यायले महान्यायाधिवक्ताको कार्यालयबाट भएको कार्यसम्पादनको वार्षिक प्रगति विवरण पेश गरेका हुन्। महान्यायाधिवक्ताको कार्यालयले वार्षिक रूपमा भएका कार्य प्रगति विवरणको प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने नेपालको संविधानमा व्यवस्था गरिएको छ। सोही व्यवस्था बमोजिम महान्यायधिवक्ताको कार्यालयले सर्वोच्च अदालत, उच्च अदालत दिपायल र उच्च अदालत महेन्द्रनगरमा गरेको बहस पैरवको विवरण पेश गरेको हो। सो कार्यालयले एक वर्ष ३२ थान मुद्दामा बहस/पैरवी गरेको विवरण पेश गरिएको छ।

### आन्तरिक उडान सुरू गरिने

विराटनगर। प्रदेश १ का धार्मिक तथा पर्यटकीय स्थलको भ्रमणका लागि हवाई सेवा सुरू गरिने भएको छ। ताप्लेजुङको पाथिभरा मन्दिर, खोटाङको हलेसी महादेव मन्दिर समेतका धार्मिक तीर्थस्थल र अन्य पर्यटकीय स्थललाई लक्षित गरेर सेवा सुचारू गर्न लागिएको हो। जसले धार्मिक तथा आन्तरिक पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने अपेक्षा गरिएको छ। विराटनगर विमानस्थलबाटै मंसिर तेस्रो सातादेखि सेवा सञ्चालनका लागि विराट होलिडे गुप्र, सीता एयर र माउण्टेन हेलिकप्टर कम्पनीबीच सहमति भएको छ। गुप्रका अध्यक्ष भविषकुमार श्रेष्ठले माग धेरै आएका कारण धार्मिक तीर्थस्थलसँगै हिमालय क्षेत्रको दृश्यावलोकनका लागि पर्वतीय उडान भर्ने गरी हवाई सेवा सुरू गर्न लागिएको बताए।

## चर्चित मन्त्री गोकर्ण विष्टलाई विस्थापित गर्ने

# नवनियुक्त मन्त्री रामेश्वर को हुन् ?

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार साँझ गरेको मन्त्रिमण्डल पुनर्गठनपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टलाई विस्थापित गर्दै नवनियुक्त श्रम मन्त्री बनेका रामेश्वर राय यादवका सामु ठूलो चुनौती छ र, अवसर पनि ।

पदमुक्त भएपछि विष्टका विषयले सामाजिक सञ्जालमा व्यापक चर्चा र ठाउँ पाएको छ । यस्तो अवस्थामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी काँधमा राखेर आज (बिहीबार) सपथ लिएपछि पदवहाली गर्न मन्त्रालय पसेका यादवका सामु काम गरेर देखाउने अवसर र चुनौती दुवै छ ।

त्यसोत मधेशमाबामपन्थीको विजारोपण गर्दै समाज सुधारको अभियानमा जुटेका यादव एक स्थापित राजनीतिक व्यक्तिका रूपमा परिचित छन् । लामो राजनीतिक जिवन यात्रामा अनेकै अवसरहरूलाई तिलाञ्जली दिएर जनताको सेवा गर्ने बाटो पछ्याउँदै अघि बढेका यादवले यो बीचमा अनेकै आरोह-अवरोहको सामना गरेका छन् ।

यि तिनै व्यक्ति हुन जसले आफ्नो व्यक्तिगत सुख सयललाई छाडेर जनताको सेवामा समर्पित हुँदै आए । र, अहिले दोस्रो पटक सिंहदरबारको सिंहासनमा पुगेका छन् ।

दोस्रो पटकको सिंहदरबारको 'इनिङ' पछि नवनियुक्त मन्त्रीका रूपमा पदवहाली गर्दै गर्दा यादवले समृद्ध नेपाल, सुखी नेपाली अभियानलाई साकार पार्न आफ्नो कार्यकालमा देश भित्र रोजगारी सृजना गर्दै वेरोजगार युवाहरूलाई रोजगार प्रदान गर्नु र वैदेशिक रोजगारीमा रहेका विधमान विकृति, विसंगती र वेथितिहरूलाई अन्त्य गर्दै वैदेशिक रोजगारको क्षेत्रलाई व्यवस्थित तथा मर्यादित बनाएर यसको गरिमा बढाउने आफ्नो पहिलो प्रथमिकता रहेको बताए ।

त्यस्तै उनले मुलुकको अर्थ तन्त्रमा वैदेशिक रोजगारीमा रहेका नेपालीले पठाएको रेमिट्यान्सको ठूलो योगदान रहको बताउँदै यसको सहि सदुपयोगमा जोड दिए ।

त्यसैगरीभ्रष्टाचारमा शून्य सहनशिलता अवलम्बन गर्दै आफ्नो कार्यकालभर सुशासन र पारदर्शीता मूल मन्त्र रहने बताउँदै नवनियुक्त मन्त्री यादवले लोक कल्याणकारी राज्य स्थापनाका निम्ति सामाजिक सुरक्षा अभियानलाई अघि बढाउने कुरामा जोड दिए ।

**को हुन् रामेश्वर राय यादव**

शुरूमा सरकारी जागिर खाएका यादवको मन जागिरमा रमाउन सकेन । सानै उमेरदेखि समाजसेवी भावना जागृत यादवले जागिर छोडेर समाजसेवा गर्ने उद्देश्यका साथ राजनीतिक शुरू गरे । सरकारी जागिर छाडेर २०४१ सालमा सदभावनामा प्रवेश गरेका उनी सदभावना पार्टीको उपाध्यक्षभए । तिक्ष्ण बुद्धि, कुसाग्र मन, मेहनती स्वभाव र कर्तव्य पथमा निष्ठापूर्वक लागिरहने यादवको स्वभावले राजनीतिलाई पछ्याउदै गयो ।

यसैक्रममा उनले २९ फागुन २०५३ मा लोकेन्द्रबहादुर चन्द सरकारमा मन्त्री बन्ने अवसर पनि प्राप्त गरे । करिब ७ महिनाको यो छोटो अवधिमा कानुन र वन तथा भू-संरक्षण मन्त्रालयको जिम्मेवारी सम्हालेका यादवले त्यसबेला राज्य सञ्चालनको अनुभव बटुले र राज्य चिन्ने मौका पनि पाए ।



राजनीतिक जिवन यात्रामा अघि बढ्दै गरेका यादवको क्षमतादेखि तर्सिएर समकालीन नेताहरूले प्रतिस्पर्धि भावले हेर्दै जान थाले । यही क्रममा सदभावना पार्टीमा उनलाई थ्रेटका रूपमा हेर्न थालियो । त्यसै कारणले उनले पार्टीको कारबाही पनि सहनुपर्‍यो ।

सदभावना पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंहले कारबाही गरेपछि उनको राजनीति जिवनमा बज्रपात पर्‍यो । त्यसपछि उनले पार्टीका अर्का नेता हृदयेश त्रिपाठीसँग मिलेर अलग पार्टी बनाए । तर, त्यो पनि धेरै दिन टिक्न सकेन । तापनि उनी अस्तित्व जोगाउन संघर्ष गरिरहे । तत्कालीन राजा ज्ञानेन्द्र शाहले प्रत्यक्ष शासन हातमा लिएको बेला उनी विरोधमा पनि उत्रिएनन् र समर्थन गरेर नियुक्ति खान पनि गएनन् ।

उनी अवसरको राजनीतिबाट टाढै थिए । त्यसैले उनी कहिल्यै अवसरका पछाडी कुदेनन् । आफ्नो मान्यतामा अडिग रहँदै बसे । मूलधारको राजनीति गर्ने मनस्थितिमा पुगेका यादव मधेस आन्दोलनसँगै मधेसी जनअधिकार फोरमबाट मूलधारको राजनीतिमा आउने प्रयास गरे । त्यहाँ पनि उनले सोचेजस्तो वातावरण बन्न सकेन । त्यसपछि विजय गच्छदारसँगै फोरम लोकतान्त्रिक गठनमा लागे । र, उपाध्यक्षसम्म पनि भए । त्यहाँ पनि लोभी-पापीहरू र अवसरवादीहरूका बीचमा टिक्न उनलाई गाह्रो भयो । जनताको सेवा गर्ने पवित्र उद्देश्यका साथ राजनीति शुरू गरेका यादव त्यस्तो वातावरणको खोजीमा थिए । त्यसै क्रममा उनी ०७४ को चुनावको पूर्वसन्ध्यामा माओवादी प्रवेश गरे ।

माओवादीमा प्रवेश गरेसँगै प्रतिनिधिसभा सदस्यको टिकट पनि पाए । र जिते पनि । विसं २०१२ मा सर्लाहीको मलंगवामा जन्मिएका यादवलेअहिले उनी तत्कालीन नेकपा माओवादी केन्द्र र नेकपा एमालेको एकतापछि बनेको नेकपाको केन्द्रीय सदस्य हुँदै मन्त्रीसम्म बनेका छन् ।

विसंगती र विकृति रूपमा रहेको म्यानपावर व्यवसायलाई व्यवस्थित बनाउने, लुटिदै र ठगिदै विदेश पुगेका नेपाली युवाहरूको पीडामा मल्हमपट्टि लगाउने, मलेसिया प्रकरणलाई सुरक्षित अवतरण गर्दै खुलाउने, देश भित्रै पर्याप्त रोजगारीको सृजना गर्दै युवाहरूलाई देशभित्रै रोजगारी दिने, भ्रष्टाचार र माफियाहरूको दलदलमा फसेको श्रम प्रशासनलाई त्यसबाट मुक्त पार्ने र सामाजिक सुरक्षा कोषलाई प्रभावकारी ढंगले परिचालन गर्ने महत्वपूर्ण चुनौती र अभिभारा अहिले नवनियुक्त मन्त्री यादवको काँधमा आएको छ । यादवका लागि काम गरेर देखाउन सके सुनौलो अवसर पनि बन्ने छ ।

यि चुनौतीहरूलाई कसरी समाधान गर्न सक्छन् त्यो हेर्न बाँकी नै छ ।

## पोखरेललाई भारत भ्रमणको निम्तो

काठमाडौं । उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल भारत भ्रमणमा जाने भएका छन् । भारतीय समकक्षीय राजनाथ सिंहको निम्तोमा उनी त्यसतर्फ जान लागेका हुन् । उनी ओलीको सन्देश बोकेर भारत जान लागेका हुन । भारत भ्रमणको क्रममा उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई पनि भेट्ने बुझिएको छ ।

## गोरखाका स्थानीय जनप्रतिनिधिहरूको परिचयात्मक भारत भ्रमण

काठमाडौं । नेपालमा भूकम्पपश्चातको पुनर्निर्माणमा भारत सरकारको प्रयास स्वरूप गोरखा जिल्लाका १६ निर्वाचित स्थानीय सरकारका प्रतिनिधिहरूका लागि युएनडीपीले भारतमा परिचयात्मक भ्रमणको आयोजना गरेको छ । "भुज भूकम्प पुनर्निर्माण अनुभव" बाट सिक्ने हेतु पाँच दिवसीय सो प्रतिनिधिहरूका लागि युएनडीपीको साझेदारको रूपमा रहेको ओडीआरसीले गुजरात र दिल्लीमा भ्रमण समन्वय गरेको हो । दुई नगरपालिकाका मेयर/उपमेयर तथा ६ गाउँपालिकाका वडाअध्यक्ष/उपाध्यक्षहरू उक्त भ्रमणमा सहभागी भएका छन् ।

भारत भ्रमणका क्रममा भूजण्ड गुजरात सरकारका कार्यकारीहरूसँग प्रतिनिधिहरूले भेटघाट गर्नुका साथै भुजभूकम्प पश्चात अपनाइएका स्वनिर्माणका अभ्यासहरूको अवलोकन गर्नेछन् ।

दिल्लीमा प्रतिनिधिहरूले राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणसँग अन्तरक्रिया गरी भारतको विपद् तयारी, पुनःस्थापना तथा अनुभवहरू बारे विस्तृत जानकारी लिनेछन् । गोरखा जिल्लाको २६,९१२ घरको पुनर्निर्माण गर्न भारत सरकारले नेपाल सरकारसँग सहकार्य गरिरहेको छ । नेपाल सरकारको स्वनिर्माणको अवधारणलाई मूर्त रूप दिन युएनडीपीले भूकम्प उत्थानशील आवास निर्माणका लागि घरधनीहरूलाई सामाजिक-प्राविधिक सहजीकरण प्रदान गर्दै आएको छ ।

विपद् व्यवस्थापन, पुनःस्थापना तथा प्रतिरोध सम्बन्धमा समुदायमा जनचेतना बढाउँदै भूकम्प उत्थानशील पूनर्निर्माण सुनिश्चित गर्नका लागि यस भ्रमणले प्रमुख स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न मार्ग प्रशस्त गर्नेछ ।

## भारतीय कम्पनीसँग ऊर्जा व्यापार सम्झौता

काठमाडौं । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इपान) को आयोजनामा काठमाडौंमा पावर समिट २०१९ सुरू भएको छ । तीन देशका मन्त्रीसहित ७५० ऊर्जाविद् तथा सरकारोवालाको उपस्थितिमा पावर समिट सुरू भएको हो । सम्मेलनको उद्घाटन कार्यक्रममा नेपाल पावर एक्सचेन्ज लिमिटेड र इन्डियन इनर्जी एक्सचेन्जबीच पावर ट्रेड सम्झौता गरिएको छ । इपानमा नै रहेका सदस्यहरूले सरकारले अनुमति दिएमा सोझै विद्युत बिक्री गर्ने लक्ष्यसहित पावर एक्सचेन्ज लिमिटेड दर्ता गराएका छन् ।




त्यस्तै एचआइडिसिएल र एनएचपिसीबीच पनि पावर ट्रेड सम्झौता भएको छ । समिटमा विद्युत् व्यापार, यसको सम्भावना, आवश्यक पूर्वाधारलगायतका विषयमा केन्द्रित रहेर एक दर्जन सत्रमा छलफल गरिने जनाइएको छ । नेपालका लागि भारतीय राजदूत मन्जीवसिंह पुरीले नेपालको ऊर्जा क्षेत्रमा लगानी र व्यापार सहजीकरणमा सहयोग गरेको बताए ।

## विवाह पञ्चमीमा राष्ट्रिय बिदा दिन माग

जनकपुरधाम । सीता-राम विवाह पञ्चमी महोत्सवमा राष्ट्रिय बिदा दिन जानकी मन्दिरले प्रधानमन्त्री केपी शर्मा ओलीसँग माग गरेको छ । मंसिर १५ गते हुने विवाह पञ्चमीका दिन सार्वजनिक बिदा घोषणा गरी पर्वको गरिमा बढाउन जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले प्रधानमन्त्रीलाई पत्र लेखेका हुन् । पत्रमा भनिएको छ,'विवाह पञ्चमी हाम्रो देशको एक अन्तर्राष्ट्रिय स्तरमा हिन्दु धर्मावलम्बीहरूको पहिचानको रूपमा छ । यसले राष्ट्रको गौरवमय इतिहास बोकेको छ । यसको अझै गरिमा बढाउन विवाह पञ्चमी महोत्सवका दिन राष्ट्रिय बिदा घोषणा नेपाल सरकारबाटै पर्वको सम्मान गरियोस् भनी जोडदार रूपमा राष्ट्रिय विदाको माग गर्दछौं ।' पाँच वर्षमा भारतको अयोध्याबाट आउने भगवान् रामको विशेष जन्ती यस वर्षको विवाह पञ्चमीमा जनकपुरधाम आउने लागेको छ ।

## आर्थिक समाचार

### नेपाल लाइफ इन्स्योरेन्स सम्मानित

काठमाडौं । आर्थिक वर्ष २०७५/७६ मा नेपालमा बीमा व्यवसाय गर्ने कम्पनीमध्येमै सबैभन्दा बढी आयकर दाखिला गरेकाले आन्तरिक राजस्व विभागले नेपाल लाइफ इन्स्योरेन्स कम्पनीलाई कदरस्वरूप सम्मान गरेको हो । आठौं राष्ट्रिय कर दिवस २०७६ को अवसरमा आइतबार काठमाडौंमा आयोजित एक समारोहका बीच प्रमुख अतिथि तथा अर्थमन्त्री डा. युवराज खतिवडाले नेपाल लाइफ इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत विवेक झालाई सम्मानपत्र प्रदान गरेका हुन् । सो अवसरमा नेपाल लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत झाले नेपालको बीमा व्यवसायमा सबैभन्दा अगाडि बढ्दै सबैभन्दा बढी राजस्व दाखिला गरी सम्मानित हुने अवसर पाएकोमा अत्यन्तै खुशी तथा गौरव महसुस भएको साथै यस अवसर प्रदान गर्नुहुने आन्तिरिक राजस्व विभागप्रति कृतज्ञता व्यक्त गरे ।

प्रमुख कार्यकारी अधिकृत झाले भने, 'यो सम्मानले कम्पनीलाई अझ जिम्मेवार बनाएको तथा नेपालको बीमा व्यवसाय अझ परिस्कृत गर्दै सबै जनताका सामु पुगी सेवा प्रदान गर्दै अगाडि बढ्न र नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउन हौसला मिलेको छ ।' जीवन बीमा कम्पनीहरूमध्ये करिब एक तिहाई बजारहिस्सा ओगटेको यस कम्पनीको चुक्तापूँजी जीवन बीमा क्षेत्रकै सर्वाधिक रू. ५ अर्ब ५० करोड रहेको छ भने लगानी रू. ७८ अर्ब ६८ करोड रूपैयाँ रहेको छ ।

### ग्लोबल आइएमई बैंकका ग्राहकलाई कतार एयरवेजमा विशेष छुट

काठमाडौं । कतार एयरवेजले ग्लोबल आइएमई बैंकका ग्राहकलाई हवाई टिकटमा ७ प्रतिशतसम्म छुट दिने भएको छ । ग्लोबल आइएमई बैंक र कतार एयरवेजबीच सम्पन्न सम्झौताअनुसार कतार एयरवेजले बैंकको कार्ड प्रयोगकर्तालाई हवाई टिकटमा ७ प्रतिशतसम्म छुट दिनेछ । सम्झौतामा बैंकका बजार तथा व्यवसाय प्रवर्द्धन विभाग प्रमुख शान्ता शिवाकोटी तथा कतार एयरवेजको तर्फबाट कतार एयरवेज ग्रुपका कन्ट्री म्यानेजर मोहमद एलइमामले हस्ताक्षर गरेका छन् । हवाई टिकटको बेस रेटमा लागू हुने यो छुट कतार एयरवेजको उडान हुने विभिन्न देशमा लागू हुनेछ ।

### मोरङमा सिद्धार्थको नयाँ शाखा

विराटनगर । सिद्धार्थ बैंकले मोरङको ट्राफिक चोकमा नयाँ शाखा संचालनमा ल्याएको छ । बैंकले सर्वसाधारण तथा उद्यमीमाँझ सबै प्रकारका निक्षेप तथा कर्जा कारोबार सुविधा, रकम भुक्तानी लगायत सम्पूर्ण बैंकिङ सेवा पुऱ्याउने उद्देश्यले उक्त शाखा संचालनमा ल्याएको हो । यो शाखा विस्तारसँगै सिद्धार्थ बैंकको कुल शाखा संजाल संख्या १७२ पुगेको छ ।

## प्रधानसेनापति र भारतीय सेनाका लेफ्टिनेन्ट जनरलबीच भेटवार्ता



काठमाडौं । प्रधानसेनापति पूर्णचन्द्र थापासँग मित्रराष्ट्र भारतीय सेनाका लेफ्टिनेन्ट जनरल शान्तनु दयालले जंगी अड्डामा शिष्टाचार भेटवार्ता गरेका छन् । उक्त भेटवार्तामा उनीहरूबीच दुई पक्षीय आपसी हित तथा पारस्परिक सम्बन्धका विषयमा छलफल भएको नेपाली सेनाले जनाएको छ । छिमेकी मित्रराष्ट्रका उच्चपदस्थ सैनिक अधिकारीहरूको यस किसिमको भ्रमणले दुई देश बीचको सैनिक सम्बन्ध अझ सुमधुर एवं प्रगाढ बनाउन थप मद्दत पुग्ने विश्वास नेपाली सेनाले लिएको छ ।

## मधेशीको...

दत्तकाअनुसार आयोगको काम, कर्तव्य र अधिकारमा भएको व्यवस्थामा भएको बुँदामा मधेशीसँग जोडिएका अन्तर्राष्ट्रिय सम्झौता अनुगमन गर्ने आशयको बुँदा रहेकाले त्यहीअनुसार हामीले लेखेका हौं । यसबारे हामी नै विज्ञहरू सम्मिलित कार्यदल बनाएर अध्ययन गरिरहेका पनि उनको भनाइ छ। दत्तले आयोगलाई भूगोलभन्दा पनि मधेशी समुदायको हकहितमा काम गर्नेगरी जिम्मेवारी दिइएकाले त्यसैअनुसार प्रतिवेदन बनाएको उल्लेख गरे ।

**पहिचानको राजनीति**

अहिले मधेशी, थारू र अन्य जनजातिको पहिचानको मुद्दालाई संश्लेषण गरेर नेपालको राज्यसत्तामा 'स्थायी' हालीमुहाली चलाएको भनिएको बाहुनवादी राज्यसत्ताविरूद्ध एकजुट पार्न कोशिस गरिएको छ। पहिले परस्पर विरोधीजस्ता देखिएका मधेशवादीहरू र थरूहट माग गर्ने दलहरूलाई पनि पहिचानको आन्दोलनका लागि एक हुन प्रोत्साहित गरिएको छ। यहाँसम्म कि आफूलाई मधेशको छुट्टै जनजाति ठान्ने थारूलगायतलाई पनि मधेशीको परिभाषाभित्र पार्न खोजिएको छ।

नेपालमा पहिचानको राजनीतिलाई बहसको मूलधारमा माओवादीले नै ल्याएको हो । उसले पार्टीले पहाड र हिमालमा जातीय र मधेशमा क्षेत्रीय पहिचानको आवाजलाई जोडदार रूपमा उठायो । अहिले पहिचानको राजनीतिको वकालत गर्नेहरू फेरिएका छन्, तिनीहरू मंसिर ०६३ को शान्ति सम्झौतापछि अस्तित्वमा आएका गैरकम्युनिस्ट शक्तिहरू हुन्। यी शक्तिले पहाड र हिमालमा जातीय र तराई/मधेशमा क्षेत्रीय पहिचानकै मागलाई निरन्तरता दिइरहेका छन्।

भूगोल र संस्कृतिका कारण मधेश, पहाड र हिमालभन्दा केही फरक छ। मधेशले फरक संस्कृतिलाई निरन्तरता दिन चाहेको छ। मधेशमा सीमापारीबाट अनियन्त्रित बसाइँसराइ भयो भन्ने हो भने त्यो रोक्ने दायित्व राज्यको हो । संघीयतामा जानेबित्तिकै सीमापारीबाट मानिस अनियन्त्रित रूपमा ओइरिन्छन् भन्ने पनि होइन । भविष्यको मधेशले नै त्यसरी मानिस आउने क्रम रोक्न पहल गर्छ/ । मधेशीलाई त्यसकै आधारमा अविश्वास गर्नु हुँदैन । राज्यसंयन्त्रमा मधेशीको सहभागिता बढाउनुपर्छ र राज्यलाई बढी समावेशी बनाउनुपर्छ।

## अपनत्व...

ढंगले प्रभावित पारेको छ । बाबुराम भट्टराईसँग पार्टी एकीकरण पछि राजपासँग हुने भनिएको समाजवादी पार्टीको एकीकरणमा नेतृत्वको विवाद नै मुख्य रहेकोले त्यही कारण एकीकरण टुंगोमा पुग्न सकिरहेको छैन । दुवै दलले समान विचार र एजेण्डा भएको पार्टीसँग एकीकरणका लागि कुनै समस्या नभएको बताएता पनि आफ्नै पार्टीभित्रै विभिन्न समस्यामा जुधिरहेको राजपा नेपालसँग एकीकरण गरेर पनि समाजवादी पार्टीको बाटो सहज हुनेमा विश्वस्त हुन सकिन्न ।

पटक-पटक मत दिएर चुनिएर गएका प्रतिनिधिले पनि आफ्नो व्यक्तिगत स्वार्थ मात्र पुरा गरेको मधेशी जनताको गुनासो बढ्न थालेको छ । कांग्रेस र कम्युनिष्टले मधेशलाई भोट बैंकको रूपमा मात्र प्रयोग गर्ने गरेको आरोप लाग्ने गरेकोमा अब राजपा र समाजवादी पनि त्यही दिशामा अगाडि बढेको देखिन्छ । निर्वाचनको समयमा गरेको बाचा भुल्दै जाने र फेरि चुनाव आएपछि मात्रै जनताको घरदैलो जाने प्रवृतिले नेता र राजनीतिक दलप्रति मधेशी जनताको अपनत्व हराउँदै जान थालेको छ । मधेशमा वैकल्पिक शक्तिको रूपमा कि जनमत पार्टी आउनसक्छ कि अर्को नयाँ पार्टीको जन्म हुने हो प्रतीक्षा गर्नुपर्छ । उपनिर्वाचनको परिणामले मात्र भन्न सक्ने अवस्था छैन तर भविष्यमा जनमत पार्टी पनि मधेशमा सशक्त रूपमा उपस्थित हुने आधारहरू जिवितै छन् ।

## त्रिपाठीको...

मधेशकै राजनीतिबाट पहिचान बनाएका त्रिपाठीलाई नेकपा प्रवेश अहिले पनि सहज छैन । उनी आफै भन्छन् कि नेकपा थारू र मधेशीबीच लोकप्रिय छैन र उनीहरूका लागि पार्टीको नीति, कार्यक्रम र व्यवहार नै छैन । त्यसो भए त्रिपाठीको नेकपाको सरकारमा सहभागिता किन भन्ने प्रश्न अन्योलमा छ ।

त्रिपाठीले मधेशवाणीसँग भनेका थिए- 'नेकपासँग मेरो राजनीतिक विचार मिल्दैन ।' उनले आफू नेकपामा नपसेको र स्वतन्त्र सांसदको हैसियत रहेकाले आफूलाई स्वतन्त्र ढंगले राजनीतिक गतिविधि गर्न समस्या नरहेको उल्लेख गरेका थिए ।

लामो समय मधेशी राजनीतिमै लागेका त्रिपाठीले संविधान संशोधन माग पनि गरेको छ । प्रस्तावनाको भावनाअनुसार संविधानका धारा नरहेको उनको तर्क छ । प्रस्तावना अनुकूल संविधानको परिमार्जन र संशोधन हुन आवश्यक रहेको उनको भनाइ छ । त्यसभए सरकारमा रहेर त्रिपाठीले यी बुँदाहरूको कार्यान्वयन गराउन सक्ला ? उनका लागि यो ठूलो चुनौती हो ।

यसैबीच, नवनियुक्त हृदय त्रिपाठीले पदभार ग्रहण गरेका छन् । राष्ट्रपतिबाट पद तथा गोपनियताको शपथ लिए लगत्तै नवनियुक्त मन्त्री त्रिपाठीले सिंहदरबार स्थित कार्यालयमा पदभार ग्रहण गरेका हुन् । आफ्नो पहिलो प्राथमिकता स्थानीय तहमा आर्थिक अनियमितता देखिएको र त्यसलाई व्यवस्थित गर्नु रहेको उनले बताए । स्थानीय तहमा जनप्रतिनिधि पनि नयाँ र कर्मचारी पनि नयाँ रहेकाले ठूलो मात्रामा गएको रकम पारदर्शी रूपमा खर्च हुन नसकेको अवस्था रहेको गुनासो आएको उनले बताए ।

## समाजवादी...

परिवर्तन त हुने छैन तर तत्कालका लागि विपक्षमा रहने सांसद तथा पार्टीको संख्या भने बढ्ने छ । यस्तै सरकारमै रहेर सरकारको आलोचना गर्दै आएको पार्टीले बाहिरिएपछि त्यसलाई थप सघन भने पक्कै बनाउने छ । दिल्लीमा रहेका मन्त्री यादव शुक्रबार स्वदेश फर्कदैछन् । मन्त्रिपरिषद हेरफेर हुँदा यादवले सम्हाल्दै आएको स्वास्थ्य मन्त्रालयमा नेकपाका भानुभक्त ढकाललाई ल्याइएको छ भने यादवलाई मानिने कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रीको जिम्मेवारी दिइएको छ । स्वास्थ्य राज्यमन्त्री डा सुरेन्द्र यादवलाई हटाइएको छ ।

समाजवादी पार्टीभित्र सरकार छाड्ने विषयमा विवाद रहँदै आएको छ । पार्टीका अर्का अध्यक्ष बाबुराम भट्टराईले एकीकरणदेखि नै सरकार छाड्नु पर्ने दबाब यादवमाथि दिँदै आएका छन् । सरकार गठन हुँदा भएको सहमति अनुसार संविधान संशोधन नगरे सरकार छाड्ने बताउँदै आएको समाजवादी पार्टीले त्यसका समयसीमा बढाउँदै लगेको छ ।



मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१,
फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं